ehetaudasandesh.com

२५ औं वर्ष

हेटौंडा राष्ट्रिय दैनिक


# सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्ष: २५ ॥ अंक: ३०७ ॥ मंगलबार १५ बैशाख २०८३ ॥ द्वादशी ॥ ने.सं. ११४६ ॥ चौलागा ॥ Tuesday 28 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/-

## कर्मचारीलाई आन्तरिक पर्यटन बिदा पनि !



सन्देश संवाददाता

हेटौंडा/सरकारले निजामती कर्मचारीलाई आन्तरिक पर्यटन बिदा दिने गरी कानुनी तयारी गरेको छ।

सरकारले सार्वजनिक गरेको संघीय निजामती सेवा ऐनको मस्यौदामा आन्तरिक पर्यटन बिदा सहित नौ थरीका बिदाको प्रस्ताव गरिएको छ। जसअनुसार निजामती कर्मचारीलाई भैपरी आउने र पर्व बिदा, घर बिदा, बिरामी बिदा, मातृत्व तथा प्रसूति बिदा. प्रसूति स्याहार बिदा, मृत्यु संस्कार बिदा, आन्तरिक पर्यटन बिदा, अध्ययन बिदा र असाधारण बिदा प्रस्ताव गरिएको छ । त्यस्तै कर्मचारीको अधिकतम ५ वर्षसम्म बेतलवी बिदाको व्यवस्था पनि गरिएको छ।

बालेन नेतृत्वको सरकार आएपछि यसअघि सातामा दुई दिन बिदा लागू गरेको छ। त्यस्तै पाक्षीक रूपमा तलब भुक्तानी गर्नेगरी परिपत्र गरिएको छ।

*बागमती सरकारलाई विपक्षीको सुझाव*

# मन्त्रालयको संख्या सात कायम गरी कार्यालय खारेज नगरौं

सन्देश संवाददाता

नेपाली कम्युनिष्ट पार्टी (माओवादी) बागमती प्रदेश सभा संसदीय दलले मन्त्रालयको संख्या घटाएर ७ वटामै सीमित गर्न प्रस्ताव गरेको छ । बागमती प्रदेश सरकारको प्रशासनिक संरचना पुनर्संरचना प्रक्रियामाथि प्रश्न उठाउँदै प्रमुख प्रतिपक्षी दलले मन्त्रालयको संख्या ७ वटामै सीमित गर्न सुझाव दिएको हो ।



नेकपा बागमती संसदीय दलका नेता शालिकराम जम्मकट्टेलले मुख्यमन्त्री इन्द्र बहादुर बानियाँलाई सोमबार काठमाडौंमा सुझावपत्र बुझाउँदै प्रशासनिक सुधारलाई प्रभावकारी, मितव्ययी र परिणाममुखी बनाउन आग्रह गरेका हुन् ।

प्रदेश सरकारको आकार ठूलो हुँदा आर्थिक व्ययभार बढ्ने र कार्यसम्पादनमा समेत जटिलता आउने भन्दै मन्त्रालय संख्या सीमित गर्नुपर्ने बताइएको छ । प्रदेश स्थापना कालमै प्रस्ताव गरिएको ७ मन्त्रालयको संरचना वैज्ञानिक, सन्तुलित र व्यवहारिक रहेको उल्लेख गर्दै सोही मोडेललाई आगामी दिनमा निरन्तरता दिनुपर्ने माग गरिएको हो ।

नेकपाले प्रस्ताव गरेको ७ मन्त्रालयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, सामाजिक विकास मन्त्रालय, कृषि तथा पशुपन्छी विकास तथा सहकारी मन्त्रालय तथा उद्योग, संस्कृति, पर्यटन, वन तथा वातावरण मन्त्रालयहरु रहेका छन् ।

प्रदेश सरकारले सुशासन, सामाजिक न्याय र समृद्ध प्रदेश निर्माण गर्ने उद्देश्यसहित उच्चस्तरीय प्रशासनिक पुनर्संरचना निर्देशक समिति तथा प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समिति गठन गरेका प्रति पनि नेकपाले आपत्ति जनाएको छ । एउटै उद्देश्यका लागि दुई छुट्टाछुट्टै समितिहरु गठन गर्नु आवश्यक नभएको भन्दै यसमा पुनर्विचार गर्नसमेत आग्रह गरिएको सुझाव पत्रमा उल्लेख छ ।

प्रशासनिक संरचना जस्तो संवेदनशील विषयमा सम्बन्धित मन्त्रीको नेतृत्वमा विज्ञहरू समावेश गरी एकीकृत समिति गठन गर्नु बढी उपयुक्त हुने उल्लेख गरिएको छ । यसले निर्णय प्रक्रियालाई सरल, समन्वयकारी र प्रभावकारी बनाउने विश्वास गरिएको पत्रमा उल्लेख गरिएको छ ।

सरकारको प्रमुख प्रतिपक्षी दलले प्रस्तुत गरेको सुझावलाई गम्भीरतापूर्वक अध्ययन गरी आवश्यक निर्णय लिन प्रदेश सरकार सँग आग्रह गरिएको नेकपा बागमती संसदीय दलका नेता शालिकराम जम्मकट्टेलले बताए । प्रशासनिक पुनर्संरचना जस्तो दीर्घकालीन प्रभाव पार्ने विषयमा व्यापक छलफल, विज्ञ परामर्श र राजनीतिक सहमति आवश्यक रहेको उनको भनाइ छ ।

यस्तै, उनले प्रदेशस्तरका महत्वपूर्ण संरचनाहरू खारेज नगर्न र अझ सुदृढ बनाउन सरकारलाई सुझाव दिए । प्रदेश सरकार कार्यविभाजन नियमावलीअनुसार मन्त्रालय बीच कामको दोहोरोपन नआउने र अनावश्यक हस्तक्षेप नहुने सुनिश्चित गर्नुपर्ने सुझाव पत्रमा उल्लेख गरिएको छ । संविधान र संघीयताको मर्मअनुसार प्रदेशको एकल तथा साझा अधिकार प्रभावकारीरूपमा कार्यान्वयन गर्नुपर्नेमा पनि जोड दिइएको छ।

सुझाव पत्रमा प्रदेश प्रहरी समायोजन ऐन बनिसकेको सन्दर्भ उल्लेख गर्दै यसको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयको भूमिका झन् सुदृढ गर्नुपर्ने औंल्याइएको छ । यस्तो अवस्थामा प्रदेश प्रहरी हेर्ने मन्त्रालय नै खारेज गरिए कार्यान्वयन प्रक्रिया झनै कमजोर हुनेसक्ने पनि चेतावनी दिइएको छ। शान्ति सुरक्षा र अमन चयन कायम गर्न संविधानले दिएको अधिकार प्रयोग गर्न मन्त्रालय यथावत राख्नुपर्ने नेकपाको धारणा रहेको पत्रमा उल्लेख छ ।

त्यसैगरी, सडक तथा शहरी पूर्वाधारसँग सम्बन्धित मन्त्रालयलाई टुक्र्याउनु उपयुक्त नहुने भन्दै भौतिक पूर्वाधार विकास मन्त्रालय लाई विभाजन नगर्न आग्रह गरिएको छ। प्रदेशस्तरका संरचनाबारे पनि नेकपाले स्पष्ट धारणा राखेको छ। संविधानले दिएको एकल अधिकार अन्तर्गत स्थापना गरिनुपर्ने प्रदेश विश्व विद्यालयलाई उच्च प्राथमिकतामा राखी काम गर्नुपर्ने र विशेषगरी प्राविधिक शिक्षामा जोड दिनुपर्ने उल्लेख गरिएको छ ।

प्रदेश सुशासन केन्द्र खारेज गर्ने प्रस्तावप्रति पनि दलले असहमति जनाएको छ। प्रदेश लोकसेवा आयोगमार्फत् कर्मचारी पूर्ति तथा निर्वाचित जनप्रतिनिधि र कर्मचारीलाई तालिम दिने एकमात्र संस्थाका रूपमा रहेको सुशासन केन्द्रलाई सुदृढ बनाउनुको सट्टा खारेज गर्नु प्रदेशकै अधिकार कमजोर बनाउने कदम हुने बताइएको छ।

यस्तै, प्रदेश नीति तथा योजना आयोगलाई गाभ्ने वा खारेज गर्ने विषयमा पनि नेकपाले आपत्ति जनाएको छ। प्रदेशको नीति निर्माण, योजना व्यवस्थापन र विकासमार्फत् समृद्धि हासिल गर्न स्थापित आयोगलाई थप अधिकार सम्पन्न बनाउनु पर्नेमा जोड दिइएको छ ।

कर्मचारी संरचनाबारे दलले संघीय निजामती ऐन अझै नआएको र ओ.एण्ड एम. सर्वेक्षण सम्पन्न नभएको अवस्थामा कर्मचारी संख्या घटाउनु उपयुक्त नहुने जनाएको छ । हाल न्यूनतम सेवा सुविधा र पारिश्रमिकमा काम गरि रहेका कर्मचारीहरूको संख्या यथावत राख्नुपर्ने सुझाव दिइएको उनले बताए।

जिल्लास्तरका संरचनामा सेवा प्रवाह सहज बनाउन कार्यालयहरूलाई सुदृढ बनाउँदै आवश्यकता अनुसार एकीकृत सेवा प्रणाली विकास गर्नुपर्ने उल्लेख गरिएको छ । अझै पनि योजना सम्झौताका लागि नागरिकले अनावश्यक खर्च गरेर जिल्ला वा प्रदेश धाउनुपर्ने अवस्था रहेको भन्दै सेवा विकेन्द्रीकरणलाई व्यवहारमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिइएको छ ।

नेता जम्मकट्टेलले प्रस्तावित प्रतिवेदन कार्यान्वयन नभए प्रदेश संरचना कमजोर हुने, सेवा प्रवाह प्रभावित हुने र संघीयतामाथि जनविश्वास घट्ने जोखिम रहेको चेतावनी दिँदै प्रदेशको प्रशासनिक पुनर्संरचना गर्दा आफ्नो दलले दिएको सुझावलाई गम्भीरतापूर्वक लिन प्रदेश सरकार सँग आग्रह गरेका छन्।

बागमती प्रदेश सरकारले मन्त्रालय घटाउनका लागि हाल अध्ययन गरिरहेको छ । मन्त्रालय सँगै प्रदेशका ५ वटा निर्देशनालय र केही कार्यालयहरु समायोजन गर्ने तयारी प्रदेश सरकारको छ । सुझावपत्र बुझ्दै मुख्यमन्त्री बानियाँले प्रमुख प्रतिपक्षी दलले दिएको राम्रा र जनहितकारी सुझावलाई मानेर अघि बढ्ने प्रतिवद्धता व्यक्त गरे।

*बागमतीका मुख्यमन्त्रीलाई ज्ञापनपत्र*

## मूल्यवृद्धिले निर्माण व्यवसाय थलियो



सन्देश संवाददाता

हेटौंडा/बढ्दो मूल्यवृद्धिका कारण निर्माण क्षेत्र संकटमा परेको भन्दै बागमती प्रदेशका निर्माण व्यवसायीहरुले मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन्। सोमबार बागमती प्रदेश निर्माण व्यवसायी महासंघको टोलीले प्रदेशका मुख्य मन्त्री इन्द्रबहादुर बानियाँलाई ज्ञापन पत्र बुझाउँदै तत्काल नीतिगत हस्तक्षेप गर्न माग गरेको हो।

व्यवसायीहरुले इन्धनजन्य पदार्थ र निर्माण सामग्रीको निरन्तर मूल्यवृद्धिका कारण अधिकांश पूर्वाधार आयोजना प्रभावित भएको उल्लेख गरेका छन्। अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य अस्थिर हुँदा त्यसको प्रत्यक्ष असर निर्माण क्षेत्रमा परेको भन्दै उनीहरुले तत्काल मूल्य समायोजन मार्ग निर्देशिका-२ जारी गर्नुपर्ने माग राखेका छन्।

निर्माण सामग्री जस्तै बिटुमिन, सिमेन्ट र फलामे डण्डीलगायतका सामाग्रीमा भएको चरम मूल्यवृद्धिका कारणले निर्माण लागत अत्यधिक बढेको र बजारमा आवश्यक सामग्रीको अभावले धेरै आयोजना ठप्प हुने अवस्थामा पुगेको बागमती प्रदेश निर्माण व्यवसायी महासंघका अध्यक्ष छत्रबहादुर तामाङले बताए। ज्ञापनपत्रमार्फत् व्यवसायी- हरुले तोकिएको समयमा काम सम्पन्न गर्न नसकिने अवस्था सिर्जना भएकाले बैंक ग्यारेन्टी, बीमा तथा थप क्षतिपूर्तिसहित आयोजनाको म्याद थप गर्नुपर्ने मागसमेत अघि ज्ञापन पत्रमा उल्लेख छ।

मुख्यमन्त्री बानियाँले ज्ञापन पत्र ग्रहण गर्दै मूल्यवृद्धिको समस्याप्रति प्रदेश सरकार गम्भीर रहेको बताए। उनले आवश्यक निर्णयका लागि पहल गर्ने प्रतिबद्धता जनाउँदै म्याद थप अथवा मूल्य समायोजनको विषयमा छलफल गर्ने बताए। निर्माण व्यवसायीहरुले समयमै सरकारबाट ठोस निर्णय नभएमा निर्माण उद्योगतथा निर्माण व्यवसायीहरु सडकमा पुग्न सक्ने र यसले थप संकटमा पर्ने र त्यसको असर समग्र अर्थतन्त्रमा पर्न सक्ने चेतावनी समेत दिएका थिए।

ज्ञापनपत्र बुझाउने टोलीमा बागमती प्रदेश निर्माण व्यवसायी महासंघका पदाधिकारीसहित निर्माण व्यवसायी संघ मकवानपुर, चितवन, धादिङ, काभ्रलगायतका अध्यक्ष तथा पदाधिकारीहरुको उल्लेख्य उपस्थिती रहेको थियो।

*पृतनापति ट्रफि अन्तर्गतका खेल सुरु*

## खड्काद्वारा प्रतियोगिताको उद्घाटन



सन्देश संवाददाता

हेटौंडा/मकवानपुरमा पृतनापति ट्रफि अन्तर्गतका खेल सुरु सुरु भएको छ। मध्यपृतना हेडक्वाटर हेटौंडाको आयोजनामा प्रतियोगिता सुरु भएको हो । यो प्रतियोगिता उत्कृष्ट खेलाडी उत्पादन गर्ने उद्देश्यले पृतनापति ट्रफी-२०८३ को विभिन्न प्रतियोगिताहरु सोमबारबाट सुरु भएको छ । उद्घाटन दिनको पहिलो खेल फुटबलमा श्री गोरख बहादुर गण र श्री भैरव गणबीच खेल भएको छ। सोमबारको फुटबल खेलमा श्री गोरख बहादुर गणले २-१ गोलको अग्रता लिदै श्री भैरव गणमाथि विजय हासिल गरेको छ।

वि.सं. २०६५ सालदेखि प्रधान सेनापति ट्रफी सञ्चालन हुँदै आएको सन्दर्भमा यस वर्ष पनि पृतनापति ट्रपी २०८३ सुरु गरिएको हो । श्री नं. ७ बाहिनी अड्डाअन्तर्गत श्री गोरख बहादुर गणमा संचालन भएको पृतनापति ट्रफी २०८३ को मध्यपृतना हेडक्वाटरका पृतनापति उपरथी विष्णु कुमार खड्काले प्रतियोगिताको उद्घाटन गरे ।

यसैगरी आज मंगलबार दिउँसो ४ बजे श्री शेर गण र श्री नयाँ सबुज गणबीच खेल हुने गणपति प्रमुख सेनानी रविन्द्रकुमार श्रेष्ठले जानकारी गराए । यस वर्ष प्रतियोगिताको चापलाइ मध्यनजगर गरेर धादीङ, नुवाकोट, चितवन जिल्लामासमेत प्रतियोगिताहरु भई-रहेको श्रष्ठले जानकारी दिए।

प्रतियोगितामा सामूहिक र व्यक्तिगत दुबै विधाका खेलहरू समावेश छन। सामूहिक खेलहरूमा भलिबल, फुटबल र बास्केटबल र हनेछ भने व्यक्तिगत खेलहरूतर्फ एथलेटिक्स, जुडो, तेक्वान्दो, बक्सिङ र स्विमिङ खेलहरु हुनेछन् ।

प्रतियोगितालाई विभिन्न युनिटहरूमा विकेन्द्रीकृत गरी सञ्चालन गरिनेछ। जस अन्तर्गत मध्यपृतना हेडक्वार्टरमा स्विमिङ र बक्सिङ खेल हुनेछ। श्री नम्बर ६ बाहिनी अड्डा नुवाकोट, श्री शरगणमा बास्केटबल, श्री भैरवनाथ गण धादिङमा भलिबल, श्री नम्बर ७ बाहिनी अड्डा मकवानपुर, श्री गोरख बहादुर गणमा फुटबल र एथलेटिक्स र श्री नयाँ सबुज गण चितवनमा तेक्वान्दो र जुडो

## शिक्षकका सन्तान सामुदायिक विद्यालयमै



सन्देश संवाददाता

हेटौडा/मकवानपुरको मकवानपुरगढी गाउँपालिका-५ नम्बर वडामा सामुदायिक विद्यालय सुधारका लागि नयाँ अभियान सुरु गरिएको छ । यस अभियानको केन्द्रमा शिक्षक स्वयं रहेका छन् ।

वडाभित्रका सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकले अबदेखि आफ्ना नानीलाई अनिवार्य रूपमा सामुदायिकमै पढाउने सामुहिक प्रतिबद्धता जनाएका छन्। सामुदायिक विद्यालयको गुणस्तर सुधार्ने लक्ष्यसहित गरिएको यो निर्णयले स्थानीय शैक्षिक क्षेत्रमा नयाँ आशा जगाएको छ।

वडाअध्यक्ष दिपेश दाहालको अध्यक्षतामा आयोजित सामूहिक बैठकमा यो निर्णय गरिएको हो। 'म बनाउँछु मेरो विद्यालय' भन्ने नारासहित आफ्नो वडाभित्र रहेका सातवटै सामुदायिक विद्यालयका शिक्षक-शिक्षिकाले आफ्ना छोराछोरी सामुदायिक विद्यालयमै पढाउने लिखित प्रतिबद्धता जनाए।

यो प्रतिबद्धतामा शारदा माध्यमिक विद्यालयका प्रधानाध्यापक इन्द्रबहादुर कार्की, सरस्वती आधार भूत विद्यालय चतुर्भुज पौडेल, अमर सिंह आधारभूत विद्यालयका राजु संजेल, आधारभूत विद्यालयका प्रल्हाद घिमिरे, ज्योति आधारभूत विद्यालय करुणा विष्ट, मञ्जुश्री आधारभूत विद्यालयका कृष्णप्रसाद आचार्य तथा उज्वल आधारभूत विद्यालयका इन्द्रबहादुर बस्नेत लगायतका शिक्षकहरुले केवल प्रतिबद्धता मात्र जनाइएन । विद्यालयको शैक्षिक सुधारको लागि काम गर्ने बताए।

*दूध किसानलाई राहत दिलाउदै प्रशासन*

# आगामी असारभित्र बक्यौता भुक्तानी गर्न निर्देशन

सन्देश संवाददाता

हेटौंडा/किसानसंग उघारोमा दुध खरिद गरेर भुक्तानी नदिएका निजी डेरी उद्योगहरुलाई असार मसान्तभित्र रकम भुक्तानी गर्न जिल्ला प्रशासन कार्यालय मकवानपुरले निर्देशन गरेको छ।



दुग्ध उत्पादक किसानको भुक्तानी रोकेका मकवानपुरका ११ डेरी उद्योग सहित किसानका प्रतिनिधी राखेर जिल्ला प्रशासन कार्यालय मकवानपुरले छलफल गराएको हो। सोमबार प्रशासनको सभाहलमा प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, सुरक्षा निकायका प्रमुख, जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरि कंडेल, जिल्ला सहकारी संघ लिमिटेडका अध्यक्ष नारायणप्रसाद देवकोटा, डेरी उद्योगका सञ्चालक एवम् व्यवस्थापकसंग छलफल गरिएको हो।

छलफलको क्रममा प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले उद्योगले किसानलाई रकम भुक्तानी दिन नसक्नुको कारणबारे जानकारी लिएका थिए । मकवानपुरमा सञ्चालित ११ वटा डेरी उद्योगहरुले स्थानीय किसानको २०७८ सालदेखि १४ करोड ३५ लाख ६३ हजार भुक्तानी पाउन बाँकी छ। यसअघि जिल्ला दुग्ध उत्पादक सहकारी संघले पनि किसानको भुक्तानी रोक्ने डेरी उद्योगहरुसंग छलफल गरेको थियो।

किसानको बक्यौता रकम प्रत्येक महिना जम्मा गर्दै जाने र ६५ प्रतिशत बक्यौता यहि असार मसान्तसम्म भुक्तानी गर्ने र बांकी रकम असोज मसान्तसम्ममा पुर्ण रुपमा रकम भुक्तानी गरि सक्ने प्रतिवद्धता उद्योगले जनाएका थिए। प्रजिअ अधिकारीले पनि डेरी उद्योग सञ्चालकहरुलाई संघसंग भएको सहमतिअनुसार नै भुक्तानी दिन निर्देशन दिएका छन्। सहमति पालना नभए जिल्ला प्रशासन कार्यालय कारबाहीमा उत्रन बाध्य हुने उनले चेतावनीसमेत दिएका छन्।

उद्योगीहरुलाई प्रबर्द्धन गर्न नेपाल सरकार तयार रहेको बताउदै प्रजिअ अधिकारीले किसानको समस्यामा गम्भीर बनिदिन उद्योगीहरुलाई आग्रह गरे। छलफलका क्रममा उद्योगीहरुले बटर चिज लगायतका दुग्धजन्य पदार्थ लामो समयसम्म स्टकमै रहने र यसको बजारीकरणमा देखिएको समस्याको कारण भुक्तानीमा कठिनाई भएको गुनासो गरेका थिए।

हेटौंडा-९ मा रहेको शुभ डेरीले सबैभन्दा धेरै ६ करोड ७० लाख भुक्तानी दिन बाँकी छ भने गायत्री डेरीले ४ करोड ४९ लाख भुक्तान दिन बाँकी छ । त्यसैगरी भुटनदेवी डेरी फर्मले २२ लाख ३३ हजार, अनुश्री सप्लायर्सले १९ लाख ७५ हजार, कविता डेरीले १२ लाख ४२ हजार, पवित्र मिल्कले ४ करोड ६ लाख, स्यार्सेकालिका डेरीले १ करोड ६ लाख, पिज्जा कटरले ७ लाख २३ हजार, नारायणी मिल्कले १० लाख ३२ हजार, एस.के.डेरीले २५ लाख २८ हजार र कल्पवृक्ष डेरीले ६५ लाख ५७ हजार भुक्तानी गर्न बाँकी रहेको जनाईएको छ।

जिल्ला उत्पादक सहकारी संघसंग मकवानपुरमा ११ हजार किसान आबद्ध छन् भने ४२ डेरी उद्योगहरुसंग जिल्ला संघले कारोबार गर्दै आएको छ । किसानले लामो समयदेखि उधारोमा बिक्री गरेको दुधको मुल्य नपाएको गुनासो गरेपछि प्रशासन कार्यालय मकवानपुरले सर्बपक्षीय छलफल आयोजना गरेर सहजिकरण गरेको हो।

## साना उद्यमीको रोजाइ बन्दै इनड्राइभ.कुरियर्स

inDrive couriers

काठमाडौं, नेपालः इनड्राइभले नेपाली नयाँ वर्षको अवधिमा आफ्नो डेलिभरी सेवा इनड्राइभ.कुरियर्स प्रति उल्लेखनीय रूपमा माग बढेको जनाएको छ। विशेषगरी साना तथा मध्यम व्यवसायहरूले यस वृद्धिमा महत्वपूर्ण भूमिका खेलेका छन्।

इनड्राइभ.कुरियर्स एक अन-डिमान्ड डेलिभरी सेवा हो, जसले व्यक्तिहरू र व्यवसायहरूलाई छिटो, भरपर्दो र पारदर्शी रूपमा सामान पठाउन कुरियर सेवासँग जोड्छ। यस सेवामार्फत ग्राहक र कुरियरबीच सिधै सहमतिमा उचित भाडा निर्धारण गरी शहरभित्र पार्सल पठाउन सकिन्छ। औसतमा, कुरियरहरू ५–६ मिनेटमै पिकअप स्थानमा पुग्छन् भने ४० सेकेन्डभन्दा कम समयमा अर्डर मिलान हुन्छ। औसत डेलिभरी दूरी करिब ६ किलोमिटर रहेको छ।

इनड्राइभको आन्तरिक तथ्यांकअनुसार, सन् २०२५ को नेपाली नयाँ वर्षको अवधिमा डेलिभरी अर्डर संख्या अघिल्लो वर्षको तुलनामा २००% भन्दा बढीले बढेको थियो। साथै, कुल प्रयोगकर्ता संख्या र साना तथा मध्यम व्यवसाय (SMB) साझेदारहरू, जस्तै स्थानीय पसल, अनलाइन बिक्रेता र घरबाट सञ्चालन हुने व्यवसायहरू समावेश छन्, दुवैमा उल्लेखनीय वृद्धि भएको देखिएको छ। अघिल्लो वर्षको तुलनामा सक्रिय व्यवसाय प्रयोगकर्ताको संख्या २.६ गुणाले बढेको छ, जसले साना व्यवसायहरूमा डेलिभरी सेवाको प्रयोग तीव्र रूपमा बढिरहेको संकेत गर्दछ। यस अवधिमा प्रयोगकर्ताहरूले कपडा, दैनिक उपभोग्य सामग्री, खाना, स्पेयर पार्ट्सदेखि गिफ्ट बाकस तथा अन्य पार्सलसम्म विभिन्न सामान पठाउन प्लेटफर्म प्रयोग गरेका थिए।

इनड्राइभ नेपालकी कन्ट्री रेप्रिजेन्टेटिभ रिता पोखरेलले भन्नुभयो, "नेपाली नयाँ वर्ष साना व्यवसायहरूका लागि अत्यन्त महत्वपूर्ण समय हो, जहाँ उनीहरूको वार्षिक बिक्रीको ठूलो हिस्सा यसै अवधिमा हुने गर्छ। हामीले थप उद्यमीहरूले छिटो र उचित सर्तमा आफ्ना ग्राहकसम्म पुग्न इनड्राइभ.कुरियर्समा निर्भर हुँदै गएको देखिरहेका छौं।"

अर्डर संख्यामा काठमाडौंले अग्रणी भूमिका खेलेको छ, जहाँ वर्ष-दर-वर्ष उल्लेखनीय वृद्धि देखिएको छ। साथै पोखरा र भरतपुरजस्ता शहरहरूमा पनि स्थिर विस्तार भइरहेको छ। यसले नेपालमा डेलिभरी सेवाको क्षेत्रमा इनड्राइभको सुदृढ उपस्थिति र नेपाली नयाँ वर्षजस्ता व्यस्त समयमा यसको बढ्दो महत्वलाई देखाउँछ।

इनड्राइभ.कुरियर्सले नेपालका साना व्यवसायहरूका लागि भरपर्दो डेलिभरी समाधानका रूपमा आफ्नो स्थान अझ सुदृढ बनाउँदै आएको छ। यसले लचिलो मूल्य निर्धारण प्रणालीमार्फत ग्राहक र कुरियरबीच उचित सहमति कायम गर्न सहयोग पुर्‍याउँछ।

मौसमी माग हरेक वर्ष बढ्दै जाँदा, इनड्राइभ नेपालभर डेलिभरी सेवा अझ सुलभ बनाउँदै स्थानीय उद्यमीहरूलाई सहयोग गर्ने आफ्नो प्रतिबद्धतामा निरन्तर अग्रसर रहने बताएको छ।

हेटौडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष
विचार
मंगलबार १५ बैशाख २०८३
Tuesday 28 April 2026


**उखान:** काम छैन काज छैन खाने वेला लाज छैन ।

**बेलाको बोली**

एउटा उत्कृष्ट कुरा सिंहबाट सिक्न सकिन्छ, जो व्यक्ति जे पनि गर्न चाहन्छ, त्यसलाई मनबाटै र जोडदार प्रयासका साथ गर । - *चाणक्य*

## सम्पादकीय

### खांचो नैतिक शिक्षाको

*नेपालको ग्रामीण क्षेत्रमा पछिल्ला दुई दशकमा भौतिक पूर्वाधारको विकासले ठूलो फड्को मारेको छ । गाउँ–गाउँमा सडक पुगेका छन्, बिजुली बलेको छ र हात–हातमा इन्टरनेटको पहुँच पुगेको छ । बाहिरी रुपमा हेर्दा गाउँहरु सुविधायुक्त देखिन्छन् तर भित्रभित्रै गाउँको आत्मा रित्तिँदै गएको छ । गाउँबाट सहर र सहरबाट विदेशतर्फको शैक्षिक बसाइसराइको लहर यति तीब्र बनेको छ कि अहिले गाउँहरु खुला वृद्धाश्रम जस्ता देखिन थालेका छन् । भौतिक पूर्वाधारले मात्र मानिसलाई गाउँमा टिकाइराख्न सक्दैन भन्ने तथ्यलाई अहिलेको बढ्दो शैक्षिक पलायन र रित्तिँदा गाउँहरुले प्रमाणित गरिदिएका छन् ।*

*युवा जाति विदेशमा पसिना बगाउने, उनीहरूका श्रीमती छोराछोरी पढाउन सहरका साँघुरा कोठामा भाडामा बस्ने र घरमा वृद्धवृद्धा एक्लै हुने अवस्थाले हाम्रो सामाजिक पूँजी र मौलिक संस्कारलाई ध्वस्त बनाउँदै लगेको छ । सहरका कोठामा हुर्केका बालबालिका सामाजिक चरित्रबाट टाढिँदै गएका छन् भने गाउँका उत्पादनशील खेतबारीहरु बाँझो रहँदा ग्रामीण अर्थतन्त्र धराशायी बनेको छ । यसले अन्तर–पुस्ता ज्ञान हस्तान्तरणलाई समेत कमजोर बनाएको छ । यो संकट केवल शिक्षाको मात्र होइन, यो हाम्रो राज्यको विकास दृष्टिकोण र नीति कार्यान्वयनसँग गाँसिएको गहिरो मुद्दा हो । विद्यालयहरु केवल प्रमाणपत्र बाँड्ने थलो बनेका छन्, जसले विद्यार्थीलाई जीवनोपयोगी सीप र स्थानीय सम्भावनासँग जोड्न सकेका छैनन् ।*

*ग्रामिण क्षेत्रका बिद्यालयमा नयाँ पुस्ताका ऊर्जावान् र प्रविधिमैत्री शिक्षकहरुलाई ग्रामीण क्षेत्रमा आकर्षित गर्न विशेष सुविधा, थप भत्ता र करियर सुरक्षाको ग्यारेन्टी गरिनुपर्छ । चीनले झैं सहरका अनुभवी शिक्षकलाई बढुवाका लागि अनिवार्यरुपमा निश्चित समय गाउँमा पढाउनुपर्ने नीति लागु गरिनुपर्छ । साथै प्रधानाध्यापकलाई पूर्ण अधिकार र जिम्मेवारी सहित कार्यसम्पादन सम्झौताका आधारमा छनोट गर्ने परिपाटी बसाल्नुपर्छ । निजी विद्यालयको व्यवस्थापकीय दक्षता र सामुदायिक विद्यालयको पहुँचलाई संयोजन गर्ने सहकार्यको मोडेल पनि एउटा विकल्प हुन सक्छ । यसका लागि स्थानीय सरकारले विद्यालयको नियमित अनुगमन र शैक्षिक गुणस्तरको स्वामित्व लिनैपर्छ । यसको लागि नेपालका तीनै तहको सरकारले नैतिक शिक्षा पाठ्यक्रममा समावेश गरेर भएपनि नैतिकवान युवा जनशक्ति उत्पादन गर्नुपर्छ ।*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

## तपाईंको आज

**मेष** – श्रम परे पनि सुखद् समाचारले उत्साह जगाउनेछ तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ बुद्धिका कारण लक्ष्य प्राप्त हुनेछ ।

**बृष** – अध्ययनमा विशेष प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ समय छ । नयाँ काम प्रारम्भ हुनेछ ।

**मिथुन** – आम्दानीका स्रोत पनि दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई पनि निखार्ने अवसर प्राप्त हुनेछ ।

**कर्कट** – विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ । आँटेको लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । सामाजिक नेतृत्व हातलागि हुने सम्भावना छ ।

**सिंह** – कृषि, पशुपालन तथा घरेलु कामकाजमा फूलबारी र घरको साजसज्जामा समय बित्नेछ । टाढिएका आफन्त, साथीभाइ नजिकिन सक्छन् ।

**कन्या** – मिहिनेतले सम्मानित स्थान दिला उन सक्छ बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ । बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत फाइदा हुनेछ ।

**तुला** – स्वास्थ्य कमजोर रहनेछ भने केही जुध्नु पर्नेछ । अशक्त अवस्थामा व्यस्तता बढ्नेछ । प्रतीक्षित नतिजा कमजोर हुनाले काम दोहोर्‍याउनु पर्ला ।

**बृश्चिक** – रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ

**धनु** – अवसर र व्यवधानका बीचबाट कर्मफल प्राप्त हुनेछ। अरूको विश्वास जित्न केही समय लाग्नेछ । प्रयत्न गर्दा दिगो फाइदा हुने काम हातलागी हुनेछ

**मकर** – सहयोगीहरूले साथ दिनाले चिता-एका काम सम्पादन हुनेछन्। मिहिनेतले राम्रो परिणाम प्राप्त हुनेछ । भौतिक साधन पनि जुट्नेछन्।

**कुम्भ** – सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । आफन्तसँग रमाइलो भेटघाट हुनेछ । उत्साह जगाउनेछ । मित्रता रप्रेमको बन्धन कसिनेछ ।

**मिन** – अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ । परिवारजनको साथ जुट्नाले सहज बनाउन सकिनेछ । भौतिक वस्तुहरू जुटाउन सकिनेछ ।

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# आर्थिक विकासका विविध पक्षहरु



✍सुदर्शन अधिकारी

विकासको सामान्य परिभाषा भनेको समाजमा हुने सकारात्मक परिवर्तन हो । तसर्थ, सकारात्मक परिवर्तनका लागि कुन–कुन पक्षले प्रभाव पारेको हुन्छ ? भन्ने विषय पनि छलफलको महत्वको विषय बन्ने गरेको छ । विकासका लागि योजनाको भूमिका पनि ज्यादा महत्वको रहन्छ । योजना भनेको निश्चित उद्देश्य प्राप्त गर्नका लागि निश्चित समयमा सम्पन्न गरिने कार्यक्रम हो । हाम्रो सन्दर्भमा योजनाबद्ध विकासको थालनी भने वि.सं.२०१३ बाट भएको देखिन्छ । आर्थिक विकासका लागि विभिन्न पक्षको विकास हुनु जरुरी हुन्छ । सर्वप्रथम उत्पादनमा वृद्धि हुनुपर्छ । वस्तु तथा सेवा क्षेत्रको उत्पादनमा हुने वृद्धिले समग्र अर्थतन्त्रको वृद्धि गराउँछ । उत्पादन क्षेत्रको वृद्धिलाई चित्रण गर्दा कृषि र गैरकृषि क्षेत्र गरी विभाजन गर्ने प्रचलन पनि रहेको छ ।

संसारभर औद्योगिक उत्पादनसँगै सेवा क्षेत्रको उल्लेख्य वृद्धि भइरहेको अवस्था छ । नयाँ सेवाहरूको उत्पादन र तिनमा उपभोक्ताहरूको रुचि बढिरहेको हुन्छ । वस्तुको उत्पादनसमेत उपभोक्ताको रुचिअनुसार फरक स्वाद, फरक डिजाइनमा गर्ने गरिन्छ । अथवा आमउपभोक्ताको चाहनालाई ध्यान दिई वस्तुको उत्पादनमा ध्यान दिनुपर्ने हुन्छ । त्यसैगरी आर्थिक विकासका लागि लगानीमा पनि वृद्धि गर्नुपर्छ । लगानी भन्नाले सार्वजनिक वा निजी क्षेत्रबाट वस्तु तथा सेवा उत्पादन, वितरणजस्ता क्षेत्रमा गरिएको खर्च भन्ने बुझिन्छ । लगानीमा हुने वृद्धिसँगै उत्पादनमा वृद्धि हुने, रोजगारी श्रृजना हुने, मुद्राको गतिशीलता बढ्ने हुँदा यसले आर्थिक वृद्धिसमेत गराउँछ ।

विकासका क्षेत्रमा गरिने लगानीले उत्पादन, पुनर्उत्पादन, अन्य क्षेत्रमा अवसरको श्रृजना, रोजगारीको श्रृजना, उपभोगमा वृद्धि गराउँछ । यसर्थ लगानीले अर्थतन्त्रका समग्र सूचकमा वृद्धि गर्न प्रभावकारीरूपमा सहयोग गर्छ । यसैगरी रोजगारीमा वृद्धि पनि आर्थिक विकासका लागि अपरिहार्य रहन्छ । रोजगारीका अवसरमा हुने वृद्धिले उत्पादन र उपभोगको वृद्धि गराउँछ । उत्पादनमा वृद्धि, ज्याला र तलब भुक्तानीले उपभोगमा वृद्धि, प्रतिव्यक्ति आयमा वृद्धि हुन सक्छ । यी सबै आर्थिक क्रियाकलापले आर्थिक वृद्धिलाई जनाउँछ । अझ देशभर बाहिर हुने रोजगारीका अवसरले राष्ट्रिय आयमा वृद्धि ल्याउँछ । प्रतिव्यक्ति आय बढ्छ, विदेशी मुद्रा प्राप्त हुन्छ र अर्थतन्त्रको आकार बढाइदिन्छ ।

आर्थिक विकासका लागि व्यापारमा पनि वृद्धि गर्नुपर्छ । उत्पादित वस्तु वा सेवाको व्यापार आवश्यक हुन्छ । व्यापारले पुन: उत्पादनलाई प्रोत्साहित गर्छ । आजको भूमण्डलीकरणको समयमा व्यापार सीमापार भएको छ । अन्तर्राष्ट्रिय स्तरमा वस्तु तथा सेवाको व्यापार अभिवृद्धि गर्न सकिने भएको छ । यसले राष्ट्रिय अर्थतन्त्रको आकार पनि वृद्धि गर्छ भने भुक्तानी असन्तुलनलाई न्यून गर्छ र आयमा वृद्धि हुँदै जान्छ । यसैगरी आर्थिक विकासका लागि आयमा पनि वृद्धि हुनुपर्छ । उत्पादन, लगानी, व्यापार र रोजगारीमा हुने सकारात्मक परिवर्तनले आयमा वृद्धि गराउँछ । कुल राष्ट्रिय आयमा हुने वृद्धिसँगै प्रतिव्यक्ति आय बढाउँछ, जसका कारण पुन: लगानीको सम्भावना वृद्धि गर्छ । यसबाट अर्थतन्त्रका समग्र सूचक सक्रिय भई दिगो आर्थिक विकास सहज हुन्छ ।

अर्थतन्त्रमा मूल्यमा हुने वाञ्छित वृद्धिलाई सकारात्मकरूपमा लिइन्छ । तर, मूल्य अन्य परि–सूचकसँग सामञ्जस्यता राख्ने हुनुपर्छ । लगानी, उत्पादन र आयको वृद्धिका अनुपातमा बढी मूल्य वृद्धि भएमा क्रयशक्तिमा ह्रास भई मुद्रास्फीतिको अवस्था श्रृजना हुन्छ । मूल्य वृद्धि नभएमा वा न्यून भएमा मन्दीको अवस्था आउँछ, जुन अर्थतन्त्रका लागि उपयुक्त हुँदैन । त्यसैले सन्तुलित मूल्य वृद्धि पनि आर्थिक वृद्धिकै एउटा अंगका रूपमा लिइन्छ । साथै, आर्थिक विकासका लागि बचतमा पनि वृद्धि हुनुपर्छ । राज्यले निश्चित सीमासम्म बचत गर्नु आवश्यक हुन्छ । आम्दानीभन्दा खर्च कम हुने अवस्थामा बचत हुन्छ । यसैगरी वैदेशिक व्यापारमा आयातभन्दा निर्यात बढी भएको अवस्थामा बचत हुन सक्छ । बचतलाई पनि विकास र सेवा क्षेत्रमा परिचालन गरिन्छ ।

देशमा आर्थिक वृद्धि गर्नका लागि उपभोगमा पनि वृद्धि हुनुपर्छ । उत्पादित वस्तु तथा सेवाको उपभोग आवश्यक हुन्छ । उपभोगमा हुने वृद्धिले थप उत्पादनमा प्रोत्साहन हुन्छ र लगानी बढ्छ । संसारभर उपभोग पनि अन्तरदेशीय बन्दै गएको छ । उपभोक्ताका रुचि र चाहनाअनुसार उत्पादन र व्यापार गर्न सकेमा उपभोग बढ्ने र आर्थिक वृद्धि हुने अवस्था आउँछ । अर्थतन्त्रलाई गति प्रदान गर्ने माध्यम नै आर्थिक वृद्धि हो । यसलाई आर्थिक विकासको आधार पनि मानिन्छ । आर्थिक वृद्धिबिना विकासका प्रक्रियाहरू अगाडि बढ्न कठिन हुन्छ ।

आर्थिक स्थायित्व भएका र विकसित देशहरूमा न्यून आर्थिक वृद्धि भए पनि विकासमा बाधा पर्दैन । तर, अल्पविकसित वा विकासोन्मुख देशहरूका विकास आवश्यकतालाई सम्बोधन गर्न उच्च दरको आर्थिक विकास आवश्यक हुन्छ । मूलत: आर्थिक वृद्धिको आवश्यकता अपरिहार्य हुन्छ । विकासका लागि थप पुँजी, साधन र स्रोत परि–चालन गर्न पनि आर्थिक विकास हुनुपर्छ । लगानी कर्ता, उत्पादक, व्यवसायीलाई प्रोत्साहित गर्न, आर्थिक वृद्धि उपभोग, रोजगारी, आम्दानी वृद्धि र नाफासमेत बढ्छ । सरकारले सामाजिक एवम् आर्थिक क्षेत्रमा गर्ने खर्चको मात्रा वृद्धि गर्न, अर्थतन्त्रमा आम्दानी र रोजगारी कम हुँदा उत्पन्न हुने मन्दी सिर्जना हुन नदिन पनि देशमा आर्थिक विकास अनिवार्य हुन्छ ।

अर्थतन्त्रको वृद्धि गरी अन्य देश र क्षेत्रसँग प्रतिस्पर्धा गर्नका लागि पनि विविध पक्षमा विशेष ध्यान दिनुपर्छ । बजारको क्रियाशीलता र प्रतिस्प–र्धात्मक क्षमताको विकासका लागि पनि आर्थिक वृद्धि आवश्यक देखिन्छ । विकासका लागि हामीले सेवाका क्षेत्रमा पनि पर्याप्त मात्रामा विकास गर्नुपर्ने हुन्छ । यसबाट आर्थिक गतिविधिको विकास हुन गई देशको समग्र अर्थतन्त्रमा सुधार गर्न सकिन्छ । अर्थतन्त्रका सबै क्षेत्रको सबलतासँगै आमनाग–रिकले आर्थिक लाभ लिन सक्ने र आफ्नो जीवन–स्तर उकास्ने अवस्था नै आर्थिक विकास हो । आर्थिक विकास नागरिकको खुसीसँग सम्बन्धित छ । आर्थिकरूपले समृद्धि आर्थिक विकासको अवस्था हो, जसलाई हामी आर्थिक विकास भन्न सक्छौँ ।

आर्थिक स्रोत र साधनहरूमाथि सबै नागरिको पहुँच, आर्थिक गतिविधिमा सहभागिता र उपलब्धिहरूको समानतामूलक एवम् समतामूलक वातावरण पनि आर्थिक विकासअन्तर्गत पर्छ । त्यसैगरी आर्थिक क्षेत्रहरू सक्षम बन्ने, व्यावसायिक बन्ने र लगानी, उत्पादन, व्यापार, उपभोगजस्ता क्षेत्र प्रोत्साहित हुने अवस्था पनि आर्थिक विकास हो । यसबाट आर्थिक विकास आर्थिक गतिशीलता र समृद्धि, राजनीति तथा सामाजिक सुधारसँग पनि सम्बन्धित भएको देखिन्छ । आर्थिक विकासले मानव पुँजी, पूर्वाधार विकास, पर्यावरणीय दिगोपन, सामाजिक समावेशीकरण, स्वास्थ्य, शिक्षा र सुरक्षा जस्ता बहुआयामिक क्षेत्रलाई समेट्ने गर्छ । आर्थिक विकासले अर्थतन्त्रका लाभहरू सबैले प्राप्त गर्न सक्ने अवस्थाको सिर्जना भएको हुनुपर्छ । उत्पादन र तिनका साधनमा सर्वसाधारणको समेत पहुँच विस्तार गरिनु पर्छ ।

आर्थिक विकासका लागि सेवा र विकासका क्षेत्रमा समान पहुँच र अवसरको अवस्था जरुरी हुन्छ । बिनाविभेद उचित रोजगारी र पर्याप्त पारिश्रमिक प्राप्त हुने अवस्थाको सिर्जना गरिनुपर्छ । यसैगरी उपभोक्ताको अधिकतम हित हुने गरी वस्तु र सेवाको उपलब्धता पनि हुनुपर्छ । भौतिक पूर्वाधारहरू सडक, सिँचाइ, खानेपानी, विद्युत क्षेत्रको परिणात्मक र गुणात्मक वृद्धि र यस्ता पूर्वाधारमा सबैको पहुँच हुने र सुविधा पाउने अवस्थाको श्रृजना गरिनुपर्छ । कृषि, वन, प्राकृतिक स्रोतको विकास एवम् उचित उपभोग प्राकृतिक सम्पदाको दिगो उपयोग, भोक र गरिबीबाट मुक्ति, शिक्षा, स्वास्थ्य क्षेत्रमा गुणात्मक परिवर्तन र मानव विकासको अवस्था हुनुपर्छ । आर्थिक वृद्धि विकासको महत्वपूर्ण आधार हो ।

आर्थिक विकासबिना विकासको सम्भावना हुँदैन, किनकि विकासका लागि आवश्यक स्रोतको व्यवस्था, लगानीमैत्री वातावरणको श्रृजना, व्यावसायिक उत्साह र विश्वास वृद्धिले नै सम्भव गराउँछ । विकासरहित वृद्धि पनि औचित्यहीन हुन्छ । आर्थिक वृद्धिको प्रयोग र परिचालन आर्थिक विकासमा हुन नसकेमा विपन्न वर्गसम्म लाभ पुग्न नसक्ने, आर्थिक मन्दी सिर्जना हुने, स्रोत र साधन सीमित वर्ग वा व्यक्तिको पहुँचमा मात्र रहन धनी र गरिबबीचको खाडल बढ्ने, नागरिकले सुख प्राप्त गर्न नसक्ने तथा सुविधा एवम् सेवाबाट वञ्चित हुनुपर्ने अवस्था आउँछ । आर्थिक वृद्धिलाई आर्थिक विकासमा रूपान्तरण गर्न सकिन्छ । यसका लागि विभिन्न उपायहरूको अवलम्बन पनि गर्नुपर्ने हुन्छ । भौतिक पूर्वाधारहरूको क्षेत्रमा लगानी, तुलनात्मक लाभका क्षेत्रमा लगानी, सामाजिक क्षेत्रको गुणात्मकता अभिवृद्धि र सामाजिक न्याय तथा सुरक्षामा विशेष जोड दिनुपर्छ ।

आर्थिक विकासका लागि खासगरी रोजगारी, शिक्षाको विकास र औसत आयुमा समेत उच्च विकास हुनुपर्छ । रोजगारी श्रृजनाका लागि कृषिमा व्यावसायिकता र उद्योगहरूको स्थापना गर्न विलम्ब गर्नु हुँदैन । विकासका बहुआयामिक क्षेत्र हुन्छन् । हाम्रो आर्थिक विकासका मेरुदण्डका रूपमा रहेका क्षेत्रहरू भनेका कृषि, पर्यटन र जलस्रोत नै हुन् । यी तीनवटै क्षेत्रको उल्लेख्य मात्रामा विकास गर्न सकियो भने हामी आर्थिक रूपले निकै सबल हुनेछौँ । हामीले शिक्षाको विकास गर्न पनि जोड दिनुपर्छ, जुन व्यावसायिक र वैज्ञानिक हुनु जरुरी छ । यसैगरी कृषिलाई व्यावसायिक र मर्यादित पेसाका रूपमा विकास गर्नका लागि राज्यले विशेष नीति निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ । आजको मूल समस्या भनेकै रोजगारीको अभाव रहेको सन्दर्भमा रोजगारीका क्षेत्र पहिचान गरी आम युवावर्गलाई स्वदेशमा नै रोजगारीको व्यवस्था गर्नेतर्फ विशेष ध्यान दिनुपर्छ, तब मात्र देशको आर्थिक विकास सहज बनाउन सकिन्छ ।

*साभार : अनलाइन खबर*

# विद्यार्थी खुशी हुँदाका सन्दर्भहरु



✍जीतबहादुर शाह

करिव दुई दशक भन्दा अगाडिको कुरा हो, थाइल्याण्ड भ्रमणको असवरमा एउटा विद्यालयको कक्षाकोठामा प्रवेश गरेर त्यहाँ हुने गतिविधिहरु अवलोकन गर्ने संयोग जुरेको थियो । त्यहा साना बालबालिका भएको कक्षाकोठामा उनीहरुले आ–आफ्नो कक्षा कार्यहरु रमाइ रमाइ गरिरहेका थिए । शिक्षक भने कक्षाकोठाको एउटा कुनातिरको दराजमा रहेका शैक्षिक सामग्रीहरुलाई ब्यवस्थापन गर्दै थिए । यस्तैमा दुईजना विद्यार्थीहरु आफ्नो कक्षा कार्य भ्याएपछि शिक्षकले प्रयोग गर्ने गरेको कुर्सीलाई खेल सामग्री बनाएर त्यसैमा चढ्ने र हामफालेर झर्ने काम गरिरहेका थिए । शिक्षकले आफ्नो काम गर्ने सिलसिलामा कक्षाकोठाको अर्को कुनाबाट त्यो सबै क्रियाकलाप नियालेर मुस्कु–राइरहेका थिए । हाम्रो विद्यालयका कक्षाकोठामा शिक्षकले प्रयोग गर्ने कुर्सीलाई खेलसामग्री बनाएर खेल्न थालेपछि त अहिले पनि अशोभनीय र दण्डनीय हुन्छ भन्ने सम्झें । त्यहाँ भने त्यतिबेलै पनि त्यसलाई सहज र स्वाभाविकरुपमा लिएको देख्दा त्यहाँका बालबालिका हाम्राभन्दा भाग्यमानी रहेछन् भन्ने महसुस भयो ।

केही वर्ष पहिले प्युठानको माण्डवी गाउँपालिकाको कृष्ण आधारभूत विद्यालयको बाल विकासलगायत अन्य कक्षाहरुको अवलोकन गर्ने अवसर जुरेपछि भने अब त हाम्रा बालबालिका पनि भाग्यमानी हुन थालेछन् कि भन्ने कुराले गर्वको महसुस गर्न थालेको छ । उक्त विद्यालयका बालविकासका बालबालिका पनि मैले देखेको थाइल्याण्डको कक्षाकोठामा जस्तै रमाइरमाइ आफ्नो काम गरिरहेका थिए । केही बालबालिकाले खेलौना र गुडिया राखेको च्याकतिर गएर आफूलाई मनपर्ने खेलौना र गुडिया झिकेर अंगालोमा सुम्सुम्याइरहेका थिए । केहीले हामीसँग फोटो खिच्न हानथाप गरिरहेका थिए । कोही भने कार्पेटमा घोप्टो किसिमले लम्पसार परेर के के कुराको ड्इङ गरिरहेका थिए । केहीलाई भने ड्इङ गर्नका लागि शिक्षिकाले सहजीकरण गरिरहेकी थिइन् । कक्षाकोठा रहरलाग्दो थियो । कक्षाकोठाको एक छेउमा तराई, पहाड र हिमाल झल्किने गरी बनाएको नमूना भूगोलले कक्षाकोठालाई साँच्चिकै रहरलाग्दो बनाएको थियो ।

उक्त विद्यालयका अन्य कक्षाहरु पनि राम्रा थिए । कक्षाकोठाहरु प्रिन्ट रिच सामग्रीको हिसावले सम्पन्न थिए । कक्षाकोठामै बुक कर्नरको ब्यवस्था गरिएको थियो । विद्यार्थीलाई बुक कर्नरको कुनै पुस्तकलाई औंल्याएर 'यो पुस्तक कसले पढेको छ' भन्दा प्रायजसो सबैका हातहरु उठ्ने गर्थे । उपस्थिति हेर्दा बालविकासदेखि सबै कक्षामा प्राय: विद्यार्थीको उपस्थिति शतप्रतिशत थियो । अंग्रेजी मोहको का–रणले कतिपय अभिभावकले आफ्ना बाल बालिकालाई संस्थागत विद्यालयतिर भर्ना गर्न खोजेको अवस्थामा पनि बालबालिकाले संस्थागत विद्यालयतिर जान नमानेर अहिलेकै विद्यालयमा आइरहेका सुखद् सन्दर्भहरु पनि भन्न बाँकी राखेनन् विब्यसका पूर्वअध्यक्ष जितामित्र सुनारले । विद्यालयले गरिरहेको यस प्रकारको क्रियाकलाप लाई सेभ द चिल्ड्रेन नेपाल र कालिका विकास केन्द्र प्युठानले सहयोग गरिरहेको जानकारी प्राप्त भयो ।

खुशी भन्ने कुरा कसैको आदेश र निगाहको भरमा पाइने चिज होइन रहेछ । न त कसैले गरेका प्रतिबद्धता, घोषणा र ठूला–ठूला अक्षरले लेखिएका होडिङ बोर्ड र ब्यानरबाट नै प्राप्त हुने कुरा रहेछ । यो त अन्तरमनबाट अंकुरित हुने कुरा रहेछ । यसका लागि ब्यक्ति विशेषको रुचिले निर्णायक भूमिका खेल्ने गर्दछ । अर्थात् खुशी हुने कुरा रुचिसँग सम्बन्धित हुन्छ । बालबालिकाको खुशी पनि उनीहरुको रुचिसँग सम्बन्धित हुन्छ । यदि उनीहरु रहने घर र अध्ययन गर्ने विद्यालय एवं कक्षा कोठाहरु उनीहरुको रुचिसँग मिल्ने भए भने उनीहरुका निम्ति आफू रहने घर र आफूले अध्ययन गर्ने विद्यालय पनि रुचिकर हुने गर्दछ । रुचिसँग मेल खाने कुराहरुसँग नजिक हुँदा स्वभावैले उनीहरुलाई खुशी मिल्छ । अत: रुचिले खुशी दिन्छ भने खुशीले जांगर, ऊर्जा र सफलता दिने गर्दछ । त्यसैले पनि बालबालिकाको खुशीलाई प्राथमिकतामा राख्न सकियो भने उनीहरुको सफलताले पनि उनीहरुलाई पछ्याइरहेको हुन्छ ।

कुनै समयमा अवलोकनको क्रममा बुटवलको स्कलर्स होमले आफ्नो वार्षिकोत्सवको अवसरमा साना नानीहरुको अत्यधिकरुपमा सामूहिक नृत्यहरु प्रस्तुत गर्‍यो । यसो गर्नुपर्ने कारणको खोजी गर्दा प्रिन्सिपल बाबुराम बञ्जाडेको जवाफ थियो बाल बालिकाहरु सबैले नाच्न रुचाउँछन् । त्यसैले उनीहरु कसैलाई पनि नछुटाइ सहभागी गराउने सिल सिलामा बालबालिकाका यति धेरै सामूहिक नृत्यहरु प्रस्तुत गरिएका हुन् । प्रिन्सिपल बञ्जाडेले भने झैं बालबालिकाले आफ्नो रुचिको विषयमा सहभागिताको खोजी गर्दछन् । त्यसकारण पनि उनीहरुलाई खुशी देख्न यदि कसैलाई रहर छ भने उनीहरुले सहभागी वा सामेल हुन चाहेको गतिविधि–बाट उनीहरुलाई बञ्चित गर्नु हुँदैन । बरु स्कलर्स होमले झैं स्वीकार गरेर सहभागी हुन प्रेरित गर्नु पर्दछ । उनीहरुका कतिपय कुराहरु स्वीकार गर्दै जाने क्रममा उनीहरुमा अरुका कुरा पनि स्वीकार गर्ने बानीको विकास हुन्छ । अर्थात् उनीहरुका कुरा मानिदिएपछि उनीहरुमा समेत अरुका कुरा मान्ने प्रबृत्तिको विस्तार हुँदै जान्छ ।

खुशी विद्यार्थीका एकजना अभियन्ता गणेश पोखेलका अनुसार त्यतिबेलै विद्यार्थीको सहभागिता लाई मध्यनजर राखी रेडियो बुटवल, रेडियो लुम्बिनी, रेडियो मलमला र बुद्ध टेलिभिजनले खुशी विद्यार्थी कार्यक्रम सञ्चालन गरिरहेको थियो जुन कार्यक्रम विद्यालय, विद्यार्थी र अभिभावकको माझमा लोकप्रिय कार्यक्रमको रुपमा स्थापित भएको थियो । उक्त कार्यक्रममा विद्यार्थीले आफूले विद्यालयमा गरेका क्रियाकलापहरुलाई तोकिएको समयभित्र आफैले प्रसारण गर्थे । कार्यक्रमको उत्पादन र प्रसारणसमेत उनीहरु आफैले गर्थे ।

यसले गर्दा विद्यार्थीहरुमा ब्यक्तित्व विकासका सम्भावनाहरु त बढाएको थियो नै त्यसका अति–रिक्त रेडियो र टेलिभिजनमा आफूले गरेका गतिविधिहरु प्रसारण गर्ने रहरका कारणाले उनीहरुले विद्यालयमा गर्ने क्रियाकलापहरुलाई समेत पनि असल, सका–रात्मक र प्रतिस्पर्धी बनाएको थियो । उनीहरुलाई कसैले 'यो गर र उ गर' भनेर निर्देशन र निग–रानी गरिरहनु आवश्यक पनि हुँदैनथ्यो । आफ्नो रुचिका कार्यक्रमहरु आफनो सक्रिय सहभागितामा सञ्चालन गर्न उनीहरु आफै प्रतिबद्ध देखिन्थे । यसले गर्दा उनीहरुमा खुशीको अभिबृद्धि भएको थियो र खुशीसँगै सीप र सफलताको मात्रामा समेत अभिबृद्धि भएको थियो ।

कुनैबेला नेपाल राष्ट्रिय माध्यमिक विद्यालय ढोढरी, बर्दियाका प्रधानाध्यापक पूर्णचन्द्र पोखेलले विद्यार्थीसँग सहकार्य गर्दाको अनुभव पनि उत्साह जनक लाग्छ मलाई । उनले छोटो समयमै विद्यालय परिसरलाई सफा, हरियाली र फूलबारीमय बनाएका थिए । शुरुमा यसको थालनी गर्दा ब्यक्त भएका विचार र प्रतिक्रियाहरु अनुकुल थिएनन् । 'सम्भव छैन, विद्यार्थीले फूल र विरुवा हुर्कन दिदैनन्, फूलहरु नफुल्दै टिप्छन्, विद्यार्थी र बाँदर त उस्तै उस्तै त हुन्' जस्ता विचार र प्रतिक्रियाहरु सतहमा आएका थिए । सीमित मानिसका सका–रात्मक बलका कारणले विद्यार्थीसँगको सहकार्यमा शुरु गरेको उक्त कार्यक्रम अन्तत प्रअ पोखेलले सोचेजस्तै सफल भएको थियो । विद्यार्थी कसैले पनि फूलहरु टिप्दैनथे बरु ओइलिएर त्यहीं झर्न दिन्थे । विद्यालय परिसर सफा थियो । विद्यार्थीले नै विद्यालय परिसरमा रहेका बोटविरुवाहरुलाई आफू र आफ्नो साथीलाई झैं माया गर्थे । यसले गर्दा वातावरणलाई स्वच्छ र हराभरा बनाउन सहयोग त पुगेको थियो नै । यसका अतिरिक्त विद्यार्थीमा सहभागिताका साथसाथै खुशी र सफलताको समेत अभिबृद्धि भएको अनुभव शिक्षकको थियो ।

केही महिनाअघि बर्दियाकै जनज्योति मा.वि. बकुवा र सुर्खेतको सूर्यज्योति मा.वि. हर्रेको अवलोकन गर्ने अवसर जुरेको थियो । यी दुबै विद्यालयका विद्यार्थी इकोक्लवमा जोडिएर हरियाली प्रवर्द्धन र स्वच्छ, सफा एवं हराभरा विद्यालय निर्माणमा जुटेका देखिए । त्यहाँ संयोजनको भूमिका विद्यालयका एक–एकजना शिक्षकबाट गरिएको रहेछ र अन्य काम विद्यार्थीबाटै नै स्वतस्फूर्तरुपमा सम्पादन हुँदोरहेछ । विद्यालय सफा र हराभरा थिए । विद्यार्थीले आफैले कामको विभाजन गरेर सबै काम गरिरहेका देखिन्थे । बोटविरुवाको संर–क्षण र विद्यालयको सरसफाइमा विद्यार्थीहरु व्यक्तिगत हिसावले पनि जिम्मेवारीपूर्वक प्रस्तुत भएको देखिन्थ्यो । कतै फोहोर खसेको देखियो भने टिपेर डष्टबिनमा थन्क्याउने काममा उनीहरुकै बीचमा प्रतिस्पर्धा भएको देखियो । फूलहरु अनावश्यकरुपमा टिपेको, बोटविरुवाहरुप्रति निर्मम व्यवहार गरेको जस्ता कार्यहरु कतै पनि देखिएन । यतिसम्म कि बेला–बेलामा हुने हरित विद्यालय, हरित वातावरण र सरसफाइसम्बन्धि कार्यक्रम र प्रतियोगिताहरुमा विद्यार्थीले नै आफ्ना प्रतिभाहरु प्रदर्शन गरेर पुरस्कार र मेडलहरु हात पारेको पनि अवलोकनबाट अवगत भयो ।

*साभार : नयाँ युगबोध दैनिक*

*बन्दुकको घेरामा शान्ति*

# 'राजनीतिक अस्त्र' बनेको सुकुम्बासी समस्या समाधानतर्फ

काठमाडौं/कुनै पनि कार्यलाई शान्तिपूर्ण तब मानिन्छ, जब त्यहाँ दुवै पक्षको आपसी सहमति वा कानुनी प्रक्रियाको सहज स्वीकारोक्ति हुन्छ। तर, काठमाडौंको नदीकिनारमा देखिएको दृष्य संवादको नभइ शक्तिको प्रदर्शन थियो।

तर, विगत २ दशकदेखि काठमाडौं उपत्यकामा विकराल समस्याका रुपमा देखापर्दै आएको सुकुम्बासी तथा अव्यवस्थित बस्तीको दीर्घकालीन समाधानका लागि सरकार अघि बढेको छ। सधैं राजनीतिक अस्त्र बन्दै आएको सुकुम्बासी समस्या यस पटक भने सहज समाधान हुने देखिएको छ। शनिबार विहानदेखि काठमाडौं महानगरपालिका–११ स्थित थापाथलीको सुकुम्बासी बस्ती हटाउन महानगरसहित नेपाल प्रहरी र सशस्त्र प्रहरी तैनाथ गरिएको थियो। ती स्थानमा कुनै बाधा र अवरोधबिना बस्ती खाली गराइएको थियो। त्यसपछि वडा नम्बर–९ स्थित गैरीगाउँ र वडा नम्बर–३१ स्थित शान्तिनगरमा पनि कुनै अवरोधबिना बस्ती खाली गराइएको थियो।

शनिबार रातिसम्म खाली गराइएको बस्तीबाट करिब १ सय ५० परिवार सरकारको सम्पर्कमा आएका छन् भने सम्पर्कमा आएका परिवारको विवरण संकलन गरी काठमाडौं महानगरले उनीलाई कीर्तिपुरस्थित होल्डिङ सेन्टर तथा काठमाडौंका विभिन्न होटलमा बस्नेखाने व्यवस्था मिलाएको छ। यसको वास्तविक विवरण आउन भने केही दिन लाग्ने उपत्यका विकास प्राधिकरणले जनाएको छ। उनीहरुको सामान भनेतत्कालका लागि सुन्दरीघाटस्थित राधास्वामी सत्संग भवनमा राखिएको छ। विवरण संकलन गरिएका तथा होटलमा राखिएका परिवारहरु वास्तविक सुकुम्बासी भए/नभएको परीक्षणपछि उनीहरुलाई २ साताभित्र तत्कालका लागि नागार्जुन नगर पालिका–१ स्थित सरकारी अपार्टमेन्टमा राख्ने र त्यसपछि उनीहरुको दीर्घकालीन व्यवस्थापनको काम सुरु हुने प्रधानमन्त्री कार्यालयले जनाएको छ।

अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले २०७९ सालमा तयार पारेको प्रतिवेदनअनुसार उपत्यकाका नदीकिनारमा ३ हजार ४ सय ९६ घरधुरी अव्यवस्थित बसोबासी छन्। तीमध्ये काठमाडौं महानगरभित्र २ हजार २ सय ४५ घरधुरी छन् भने कागेश्वरी नगरपालिकामा ९०, बुढानीलकण्ठमा १ सय ५६, ललितपुर महानगरभित्र १७ र भक्तपुर नगरपालिकामा ७ सय ७३



अव्यवस्थित बसोबासी छन्। तर, ३ वर्षको अन्तरालमा केही घर थपिएको हुनसक्ने अनुमानसहित काठमाडौं उपत्यकामा करिब ४ हजार अव्यवस्थित बसोबासी रहेको सरकारको अनुमान छ।

काठमाडौंको सुकुम्बासी समस्या समाधानका लागि पटकपटक प्रयास भए पनि राजनीतिक हस्तक्षेपकै कारण सधैं विफल हुँदै आएको थियो। २०६९ सालमा तत्कालीन प्रधानमन्त्री डा.बाबुराम भट्टराईको पालामा १२ करोड खर्चेर ४ वटा अपार्टमेन्ट बनाइएको थियो। भट्टराईकै योजनामा बागमती, विष्णुमती र मनोहरा किनारका सुकुम्बासीका लागि २ सय २४ फ्ल्याट रहेका ती अपार्टमेन्ट बनाइए पनि राजनीतिक दबाबकै कारण सुकुम्बासीलाई त्यहाँसम्म लान सकिएको थिएन। त्यसपछि २०७९ सालमा काठमाडौंको मेयर हुँदा हालका प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) ले सुकुम्बासी बस्ती खाली गर्ने प्रयास गरेका थिए। १२ मंसिर, २०७९ मा महानगर प्रहरीले थापाथलीस्थित सुकुम्बासी बस्ती हटाउन खोज्दा प्रहरी र स्थानीयबीच झडप भएपछि प्रहरी पछि हट्नुपरेको थियो। त्यसबेला संघीय सरकारले साथ नदिएको बालेनको गुनासो थियो। हाल उनी आफैं प्रधानमन्त्री बनेपछि भने बिनाझडप र बिनाविवाद सुकुम्बासी बस्ती हटेको छ।

बालेन प्रधानमन्त्री बनेपछि पहिलो मन्त्रिपरिषद् बैठकले १ सय बुँदे शासकीय सुधारका कार्यसूची स्वीकृत गऱ्यो। जसमा दुई बुँदा सुकुम्बासी समस्या समाधानबारे छन्। बुँदा नम्बर–९१ मा देशभरका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको एकीकृत डिजिटल लगत संकलन तथा प्रमाणीकरण ६० दिनभित्र सम्पन्न गर्ने र बुँदा नम्बर–९२ मा सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने उल्लेख छ।

*दलहरुले निम्त्याएका थिए समस्या*

जबदेखि राजनीतिक दलहरुले काठमाडौंमा आन्दोलन गर्न सुरु गरे, त्यसैबेलादेखि काठमाडौंमा सुकुम्बासी समस्या सुरु भएको काठमाडौं महानगरपालिकाका प्रवक्तासमेत रहेका वडा नम्बर–१७ का वडा अध्यक्ष नवीन मानन्धर बताउँछन्। आन्दोलन गर्ने दलहरुले कार्यकर्ता ल्याउने र अस्थायीरुपमा राख्ने गर्दा बिस्तारै अवैध बसोबास बढेको उनको बुझाइ छ। २०४६ सालको आन्दोलनपछि काठमाडौंमा सुकुम्बासीका नाममा अवैध संरचना बन्न सुरु भएको र २०६२/०६३ सम्म आइपुग्दा यस समस्याका रुपमा देखापर्न थालेको उनले बताए। 'विगतमा राजनीतिक संरक्षण भएकाले नै अव्यवस्थित सुकुम्बासी बस्ती हटाउन सकिएको थिएन। महानगरले पछि पटकपटक प्रयास गरेको थियो, तर तत्कालीन सरकार हरुको साथ नपाउँदा यो समस्या विकराल बन्दै गएको थियो,' मानन्धरले भने–सुकुम्बासीका नाममा विगतमा राजनीति भएको थियो भन्न मैले कुनै अप्ठ्यारो मान्नुपर्छ जस्तो लाग्दैन।

थापाथली क्षेत्रमा भने २०६५/०६६ सालदेखि सुकुम्बासीहरु बसोबास गर्दै आएका थिए। सुरुमा कबाड व्यवसायीका रुपमा भारतीय नागरिक तथा मधेसका केही सीमित व्यक्तिले टहरा हालेर व्यवसाय सुरु गरेकामा पछि सुकुम्बासीका रुपमा अन्य व्यक्तिले पनि यहाँ टहरा हाल्न थालेका थिए। काठमाडौं–११ का वडा अध्यक्ष हीरालाल तण्डुकारका अनुसार पछिल्लो समय यहाँ २ सय टहरा थिए। उनी पनि राजनीतिक दाउपेचकै कारण विगतमा उक्त समस्या समाधान गर्न नसकिएको बताउँछन्। २०७९ सालमा महानगरले यहाँको सुकुम्बासी बस्ती हटाउने प्रयास गर्दा उनी आफैं फ्रन्टलाइनमा खटिएका थिए। तर, प्रयास सफल हुन सकेको थिएन।

*वास्तविक सुकुम्बासी निकै कम*

काठमाडौंमा कति सुकुम्बासी वा अव्यवस्थित बसोबासी छन् भन्ने यकिन तथ्यांक सरकारका कुनै पनि निकायसँग छैन। हरेक दिन नदीकिनारमा नयाँनयाँ टहरा बन्ने र 'म सुकुम्बासी हुँ' भन्दै आउनेको संख्या दिनप्रतिदिन बढ्दै जाँदा तथ्यांकका लागि सरकारलाई पनि समस्या पर्दै आएको थियो। काठमाडौं उपत्यका विकास प्राधिकरणको पछिल्लो तथ्यांकअनुसार भने काठमाडौं उपत्यकामा करिब ३ हजार ७ सय परिवार सुकुम्बासी भएको पाइएको थियो। काठमाडौं उपत्यका विकास प्राधिकरणकी विकास आयुक्त जानुका ढकालका अनुसार २०६२/०६३ पछि काठमाडौंमा सुकुम्बासी बस्ती समस्याका रुपमा उठेको थियो। तर, सरकारको सहयोग नहुँदा उनीहरुको वास्तविक लगतसमेत संकलन हुन सकेको थिएन।

सुकुम्बासी बस्तीबाट हटेकामध्ये अधिकांश आफ्नै विकल्पको खोजीमा गएका र थोरै संख्यामा मात्र सुकुम्बासीका रुपमा नाम दर्ता गराउन पुगेकाले सोचेभन्दा निकै कम सुकुम्बासी रहेको आयुक्त ढकालको अनुमान छ। प्रारम्भिक विवरणका आधारमा काठमाडौं उपत्यकामा करिब २ सय को हाराहारीमात्र वास्तविक सुकुम्बासी हुनसक्ने प्राधिकरणको अनुमान छ। अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले २०७९ सालमा तयार पारेको प्रतिवेदनअनुसार पनि उपत्यकामा करिब ३ हजार ४ सय ९६ घरधुरी अव्यवस्थित बसोबासी छन्। सरकारले हाल यही विवरणलाई आधार मानेर सुकुम्बासी व्यवस्थापनको काम गरिरहेको छ। बागमती सभ्यता समिति आयोजना निर्देशक मचाकाजी महर्जनका अनुसार सरकारका विभिन्न निकायले तयार पारेको लगत विवरणभन्दा निकै कम वास्तविक सुकुम्बासी प्रमाणित हुने देखिएको छ। तर, यसका लागि अझै केही दिन लाग्नेछ। अन्तिम विवरण तयार भएपछि उनीहरुको स्क्रिनिङ गर्ने र त्यसपछि वास्तविक सुकुम्बासीको पहिचान हुनेछ।

विगतमा सुकुम्बासीहरु विरोधमा उत्रिए पनि यस पटक उनीहरुले नै सरकारलाई सहयोग गरेको महर्जनको बुझाइ छ। 'जहिल्यै बाढीको समस्या झेल्नुभन्दा स्थायी समाधान होस् भन्ने उहाँहरुले चाहनुभयो र सरकारको कदममा सहयोग गर्नुभयो। हामीले सरकारलाई सुकुम्बासीहरुको लगत विवरण पठाएका छौं। अब उहाँहरु भूमिहीन भएको प्रमाणित भएपछि सरकारले जग्गा उपलब्ध गराउँछ,' उनले भने।

*वास्तविक सुकुम्बासीको पहिचान*

सुकुम्बासी पहिचानका लागि भूमि मन्त्रालयले प्रोएक्टिभरुपमा काम गरिरहेको छ। यसका लागि कुनै औपचारिक पत्राचार नभए पनि सहरी विकास मन्त्रालयसँग विवरण माग गरेर मन्त्रालय आफैंले काम अघि बढाएको छ। सुरुआती चरणमा सहरी विकास मन्त्रालयले बागमती सभ्यता एकीकृत विकास समितिले तयार पारेको प्रतिवेदनअनुसार विवरण भूमि मन्त्रालयलाई पठाएको थियो।

सोअनुसार शुक्रबारदेखि नै ती नामका आधारमा मन्त्रालयले जग्गाजमिन भए/नभएकोबारे आफ्नो डाटाबेसमा स्क्रिनिङ गरिरहेको छ। मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टका अनुसार आइतबारसम्म उक्त काम सकिएको छ। यसका लागि बिदाको दिन शनिबार पनि मन्त्रालयमा काम भएको थियो भने आइतबार पनि उक्त काम जारी रह्यो। बस्ती हटाएपछि सुकुम्बासीका रुपमा नाम टिपाएकाहरुको विवरण संकलन गरेर पुनः मन्त्रालयमा पठाइनेछ भने उक्त अन्तिम विवरण भूमि मन्त्रालयले पुनः परीक्षण गर्नेछ। त्यसपछि सरकारले वास्तविक सुकुम्बासीलाई देशको कुनै स्थानमा जग्गा उपलब्ध गराउने योजना अघि सारेपछि उक्त जग्गा वितरण गर्न योग्य छ/छैन भन्ने अन्तिम परीक्षण पनि भूमि मन्त्रालयले गर्नेछ।

*कसरी हुन्छ व्यवस्थापन ?*


सुकुम्बासीका रुपमा सम्पर्कमा आएकाहरुको विवरण संकलन गरी सरकारले सुरुमा उनीहरुलाई होटल तथा अन्य उपयुक्त स्थानमा राख्नेछ भने वास्तविक सुकुम्बासी पहिचान भएकाहरुलाई बैशाख महिनाभित्र नागार्जुनमा रहेको सरकारी अपार्टमेन्टमा बसोबासको व्यवस्था गर्नेछ।

त्यसपछि उनीहरुको दीर्घकालीन व्यवस्थापनको काम सुरु गरिनेछ। यसका लागि सहरी विकास मन्त्रालयले नेतृत्व गर्नेछ भने भूमि मन्त्रालयले वास्तविक सुकुम्बासी पहिचानदेखि सरकारले उनीहरुलाई उपलब्ध गराउन सक्ने जग्गाको क्रस भेरिफाइसमेत गर्नेछ।

*मनोहरामा ढुंगामुढा*

थापाथली, सिनामंगललगायत क्षेत्रमा सहज अतिक्रमित क्षेत्र खाली गराइए पनि साँझपख जडीबुटीको मनोहरा क्षेत्रमा भने झडप भएपछि शनिबारका लागि अभियान स्थगित गरिएको छ। मनोहरास्थित नदीकिनारमा पुगेको टोलीमाथि केही युवाले ढुंगामुढा गरेका थिए। अधिकांशले पहिले नै बस्ती खाली गरे पनि केही युवाले भने शनिबार साँझ डोजरसहित टोलीमाथि आक्रमण प्रयास गरे। सो क्रममा करिब १ दर्जन प्रहरी घाइते भएका छन्। आइतबार पुनः सोही स्थानमा गएको सशस्त्र प्रहरीले बताएको छ।

## सम्बन्धविच्छेदः अधिकारको उपयोग कि विकृति ?



काठमाडौं/चालु आर्थिक वर्षको गत चैत २० गतेसम्म काठमाडौं जिल्ला अदालतमा दुई हजार नौ सय सातवटा सम्बन्धविच्छेद सम्बन्धि मुद्दा दर्ता भएकामा एक हजार ३९ मुद्दाको फैसला भइसकेको छ।

विसं २०७६ देखि हालसम्म उक्त अदालतमा सम्बन्धविच्छेद सम्बन्धि फछ्र्यौट हुन बाँकी मुद्दाको संख्या एक हजार नौ सय ४७ रहेको छ। सर्वोच्च अदालतको २०८१/८२ को वार्षिक प्रतिवेदनअनुसार मुलुकभर ४२ हजार सात सय ३९ वटा सम्बन्धविच्छेदका मुद्दा दर्ता भएका थिए। सो आर्थिक वर्षमा सर्वोच्च अदालतमा एक सय १९ र उच्च अदालतमा एक हजार पाँच सय ४१ सम्बन्धविच्छेदसम्बन्धि मुद्दा दर्ता भएका थिए। सोही आवमा ३३ हजार ५० वटा मुद्दा फछ्र्यौट भएकामा नौ हजार छ सय ८९ मुद्दाको छिनोफानो हुन सकेन। त्यसमध्ये जिल्लाबाट ४१ हजार ७९ वटा मुद्दा फछ्र्यौट भएको वार्षिक प्रतिवेदनमा उल्लेख छ। आव २०८०/८१ मा ४० हजार तीन सय २० वटा सम्बन्धविच्छेदसँग सम्बन्धित मुद्दा दर्ता भएकामा ३१ हजार सात सय ५२ मुद्दा फछ्र्यौट भएका थिए भने आठ हजार पाँच सय ६८ मुद्दा छिनोफानो हुन सकेनन्।

यहाँ उल्लेखित तथ्यांकले के देखाउँछ भने पछिल्लो समय सम्बन्ध विच्छेदसम्बन्धि मुद्दाको संख्या एकदमै बढेको छ। बदलिदो विश्व परिस्थितिको प्रभाव, आधुनिक नेपाली समाज र परिवारमा देखिने सामान्य मतभेदमा पनि सम्बन्धविच्छेद गरिहाल्ने प्रवृत्तिले संख्या बढेको सरोकारवाला बताउँछन्। काठमाडौं जिल्ला अदालतका सूचना अधिकृत दीपक श्रेष्ठका अनुसार बैंकिङ कसुर र चेक अनादरपछि सबैभन्दा बढी सम्बन्धविच्छेदका मुद्दा दर्ता हुने गरेका छन्। कतिपय परिवारमा श्रीमान/श्रीमतीबीच सामान्य खटपट हुनासाथ सम्बन्धविच्छेदका लागि अदालत आउने गरेको देखिएको छ।

वैदेशिक रोजगार, परिवारको असहमतिमा हुने प्रेम-विवाह, अन्तर जातीय विवाह, आधुनिकता, अर्काको नक्कल गर्ने प्रवृत्ति, कुटपिट, माना चामल र हेरचाह नगरेको, नेपाली समाजमा खस्कदै गएको संस्कार र संस्कृति तथा दम्पतीबीचको मतभेदले पनि सम्बन्धविच्छेद गर्नेको संख्या वर्षेनि बढ्दै गएको अनुमान गरिएको छ। अधिवक्ता गोकुल दवाडी वैदेशिक रोजगारी, आर्थिक अभाव, पारिवारिक तनावजस्ता कारणले सम्बन्धविच्छेदको संख्या बढेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ- 'रिट निवेदन लिएर अदालतमा पुगेका सबैको सम्बन्धविच्छेद भइहाल्छ भन्ने होइन, ५० प्रतिशत जतिको हुन्छ भने केही दम्पतीले मेलमिलाप गरेर फर्केका उदाहरण पनि धेरै छन्।'

अध्ययन र रोजगारीका लागि 'डिपेन्डेन्ट भिसा'मा जाने कतिपय युवा जोडीले त विवाह गरेको महिना दिन नपुग्दै दाम्पत्य सम्बन्ध अन्त्यका लागि फिरादपत्र लिएर अदालत आउँछन्। सूचना अधिकृत श्रेष्ठले विदेश जान प्रेमविवाह हतारमा गर्ने, परिवारलाई थाहा नहुने अनि कतिपय सामाजिक आस्था र परिवारको सहमतिबेगर भएका कारण पनि सम्बन्धविच्छेद भएको पाइन्छ। त्यसो त ज्येष्ठ नागरिक भइसकेका र बाँकी जीवनका लागि सहारा चाहिने उमेरमा पनि सम्बन्धविच्छेद गरेका घटना प्रशस्तै छन्। हजुर बुवा-हजुरआमा उमेरका पनि सम्बन्धविच्छेदका लागि अदालत आउने गरेको कानुन व्यवसायी बताउँछन्।

सम्बन्धविच्छेदका मुद्दामा दुबै पक्ष सहमत भएमा काठमाडौं जिल्ला अदालतले दुईदिनमै निर्णय सुनाउन सक्ने व्यवस्था मिलाएको छ। अदालतमा सम्बन्धविच्छेदका लागि आउनेमध्ये कतिपय श्रीमतीसँगै बस्न सक्दिनँ भनेर आउँछन् भने केही श्रीमानले अंश दिन नपर्ने भनी निवेदनमा मागदाबी गरेको पाइन्छ। अधिकांश जोडीका बीचमा भने बच्चा र अंशका विषय मेलमिलापमा पुग्न र मुद्दालाई न्यायिक निरुपणमा पुऱ्याउन मुद्दा लम्बिने गरेको पाइन्छ। सम्बन्ध विच्छेदका लागि मुद्दा परेपछि अर्को पक्षलाई २१ दिन म्याद दिएर जानकारी गराउने, जवाफ आएपछि दुबैलाई मेलमिलापमा पठाउने र यस्तो मुद्दा एक वर्षसम्म राखेर छलफल गराउन सकिने कानुनी व्यवस्था छ।

जेनजी आन्दोलनका बेलामा एकैदिनमा पनि त्यस्ता मुद्दालाई किनारा लगाइएको थियो। तर, हतारमा गर्दा कागजमा त्रुटि हुने कारणले दुई दिनमा मात्रै छिनोफानो गर्ने गरिएको सूचना अधिकृत श्रेष्ठ बताउनुहुन्छ।

परिस्थितिजन्य अवस्थामा त्यस्ता मुद्दा अधिकृत वारेसमार्फत् पनि दर्ता गर्न सकिनेछ। त्यो अवस्थामा अधिकांशमा अंश नलिएर छोडपत्र गरेको पाइन्छ। यो संख्या ३० वर्ष उमेर समूहको बढी छ। नातिनातिना खेलाउने उमेरका हजुर बुवा-आमा पनि सम्बन्ध विच्छेदका लागि अदालत पुग्ने गरेका छन्। त्यस्ता कतिपय श्रीमतीले श्रीमानलाई तपाईंको साथ र संरक्षण नरहे पनि सिन्दूर कायम रहोस् भन्ने गरेका छन्।


## ऋणीहरुलाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सूचना

*सूचना प्रकाशन मिति २०८३/०१/१५ गते*

यस सहकारी संस्था लि.को तपशिलबमोजिमका ऋणी सदस्यहरुलाई ऋणको साँवा तथा ब्याज बुझाउन पटक/पटक मौखिक तथा लिखित ताकेता एवम् संस्थाको सूचना पाटीमा मिति २०८२ पुष २० गते सूचना प्रकाशित गरि जानकारी गर्दा पनि ऋण चुक्ता गर्नेतर्फ चासो नदेखाउनु भएको हुँदा सहकारी ऐन २०७४, नियमावली २०७५ तथा ऋण नीतिको परिच्छेद–४ को दफा ४.८.५ मा ब्यबस्था भएबमोजिम ऋणी सदस्यहरुको तीन पुस्ते विवरण सहित ऋण चुक्ता गर्न ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित मितिले ३५ दिनको अबधिभित्र पनि संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण रकम नबुझाई सूचनालाई बेवास्ता गरी अटेर गरी बसेमा संस्थाको ऋण नीतिको परिच्छेद ४ को दफा ४.८.६ बमोजिम असुलीको प्रक्रिया अगाडि बढाइने ब्यहोरा सम्पूर्ण ऋणीहरुलाई जानकारी गराईन्छ।

**तपशिल :**

| क्र.स. | ऋणीको नाम | सा.ठेगाना | ससुरा/बाजेको नाम | श्रीमान/बुबाको नाम | ना.प्र.प.नं. | जमानीको नाम |
|---|---|---|---|---|---|---|
| १ | लाक्पा छिरिङ डिम्डुंङ | फाखेल–४ | जयबहादुर डिम्डुङ | अष्टबहादुर डिम्डुङ | ३१३०२८/१४८ | शान्ती डिम्डुङ |
| २ | लक्ष्मी श्रेष्ठ लामा | फाखेल– ७ | खड्कसिं लामा | कुमार लामा | ६६१४ | संगीता दोङ |
| ३ | तिर्थकुमारी डिम्डुंङ | फाखेल– ४ | जयबहादुर डिम्डुङ | अष्टबहादुर डिम्डुङ | ४८/०५७ | जयबहादुर डिम्डुङ |

**धितो विवरण**

| ऋणीको नाम : | ऋणीको फोटो | जमानी दिनेको नाम | धितोको विवरण |
|---|---|---|---|
| गीता बलामी<br>पतिको नाम : श्याम कुमार बलामी<br>ससुराको नाम: बुद्धिलाल बलामी<br>ठेगाना (साबिक) : फाखेल ९<br>ठेगाना हाल: इन्द्रसरोवर–५, नेवार गाउं<br>ना.प्र.न.: ३१३०२८/३६४<br>जारी मिति:२०६३/१०/०६ |  | श्यामकुमार बलामी<br>बाबुको नाम: बुद्धिलाल बलामी<br>हजुरबुवा नाम: बाबुलाल बलामी<br>ठेगाना (साबिक):<br>फाखेल–९<br>हाल ठेगाना:<br>इन्द्रसरोवर–५, नेवारगाउ<br>ना.प्र.प.नं.: ४९/६०३<br>जारी मिति: २०५७/०३/०६ | निज ऋणीको श्रीमानको नाममा मालपोत कार्यालय मकवानपुर साबिक मार्खु गा.बि.स. वडा न. १ कित्ता न ४९७ को क्षेत्रफल ०–१५–०–० र कित्ता न. ५१८ को क्षेत्रफल १–४–२–२ |

दर्ता नं. ७१७/२०६४/०६५
स्थायी लेखा नं ३०४६६४७८६४
(सहकारी ऐन २०७४ बमोजिम सञ्चालित)
श्री मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Shree Miteree Saving & Credit Co-operative Society Ltd.


## महिला बिच कबड्डीमा नेपाली टोलीलाई कांस्य



काठमाडौं/छैटौं एसियन बिच गेम्स २०२६ अन्तर्गत बिच कबड्डीको उपाधि भारतीय महिला कबड्डी टोलीले जितेको छ। भारतले श्रीलंकालाई पराजित गर्दै लगातार छैटौं पटक उपाधि जितेको हो। सोमबार भएको फाइनल खेलमा भारतले श्रीलंकालाई ४७-३१ ले पराजित गरेको हो। भारतसँग पराजित हुँदै श्रीलंकाले पहिलोपटक बिच कबड्डीमा रजत पदक जित्यो। प्रतियोगितामा नेपालले भने कांस्य जितेको छ।

आइतबार भएको दोस्रो सेमिफाइनल खेलमा श्रीलंकासँग पराजित हुँदै नेपालले कांस्य पदक जितेको हो। त्यस्तै भारतसँग पराजित हुँदै बंगलादेश पनि कांस्य पदकमा सीमित बन्यो। नेपाली महिला कबड्डी टोलीकी कप्तान मनमती विष्टले आफूहरूले पदक लिएर स्वदेश फर्कन पाएकोमा खुसी रहेको बताइन्। 'हामीले १९औं एसियन गेम्समा पनि चीनबाट तेस्रो पदक लिएर गएका थियौं।

## 'लालीबजार' को प्रदर्शन रोक्न माग गर्दै उच्च अदालतमा रिट



हेटौंडा/यसै साता प्रदर्शन तयारीमा रहेको फिल्म 'लालीबजार' को प्रदर्शन रोक्न माग गर्दै उच्च अदालत पाटनमा रिट दायर गरिएको छ।

बादी समुदायको तर्फबाट रोशनी नेपाली बादीले सोमबार रिट दर्ता गरेकी हुन्। पाटन अदालतका रजिष्ट्रार अशोक क्षेत्रीले रिट आएको पुष्टी गरे। दर्ता भएको नभएको भने आफूले फलोअप नगरेको उनले बताए।

रिट निवेदक रोशनीले भने आफ्नो रिट दर्ता भएर मंगलबारका लागि पेशी तोकिएको जानकारी दिइन्। फिल्म 'लालीबजार' ले बादी समुदायलाई गलत तरिकाले प्रस्तुत गरेको उनको आरोप छ। त्यसैले प्रदर्शन रोक्न माग गर्दै आफू अदालत गएको रोशनीले बताइन्। 'फिल्मको कथावस्तु, प्रस्तुतिमा हाम्रो गम्भीर आपत्ति छ। त्यसैले फिल्मको प्रदर्शन रोक्न माग गरेका छौं। अब हामी कानुनी प्रक्रियाअनुसार अगाडि बढ्छौं,' उनले भनिन्।


षट्कोण आर्टसको प्रस्तुति रहेको 'लालीबजार' वैशाख १८ गतेदेखि प्रदर्शन तयारीमा छ। फिल्मले बादी समुदायका महिलाको संघर्षको कथालाई प्रस्तुत गरेको निर्माण पक्षले जनाएको छ। फिल्मको निर्माण पक्षले आजै आकस्मिक पत्रकार सम्मेलनको आयोजना गरेको छ।








## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थानः रातोमाटे भोर्ले।
**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**

*पहिला घाटाको कारोबार*

# पछि कागजको बिटो थमाएर ठगी

सन्देश संवाददाता

काठमाडौं/काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले ठगीको कसुरमा ६ जना व्यक्तिलाई पक्राउ गरेर अनुसन्धान थालेको छ । ती व्यक्तिमाथि अनुसन्धान गर्दा अनुसन्धान अधिकृतहरू नै चकित परेका छन् । ठगीको आरोपमा पक्राउ परेका व्यक्तिमा अनुसन्धान गर्दा खुलेको छ-जो ठगी गर्नुअघि नै ठगी गर्न लागेको भनिरहेका हुन्छन् ।

'सक्कली नोटसँग नक्कली नोट साटिन्छ ।' अर्थात् सक्कली नोट दिएर त्यसको दोब्बर नक्कली नोट लैजानू । यसरी सुरुमै भनेर सक्कली नोट दिएर नक्कली नोट लैजानुस् भन्दा कसैले नोट साट्ला र ? कोही ठगिएला र ? सुरुमा पत्यार नलाग्न सक्छ । तर, अनुसन्धान गर्दै जाँदा खुलेको छ, ठगीको पहिल्यै जानकारी दिएर खुल्लम खुल्ला ठगी हुँदैछ । यसरी ठगीको आरोपमा अहिले ६ जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरूमा उदयपुरको ताप्ली गाउँपालिका-३ घरभइ काठमाडौं दक्षिणकाली नगरपालिका-७ बस्ने २६ वर्षीय योगबहादुर तामाङ, सोही ठाउँ घरभइ बारा बस्ने ३८ वर्षीय मिलनकुमार तामाङ, सोही ठाउँ घरभइ दक्षिणकाली बस्ने ३६ वर्षीय भविन्द्र कुमार तामाङ, चितवनको रत्ननगर गाउँपालिका-५ घर भएका ३४ वर्षीय प्रवीन महतो, रौतहटको गजुरा नगरपालिका-१ घर भएका २८ वर्षीय मुना धामी र चितवनको कालिका नगरपालिका-५ का ३८ वर्षीय सत्यनारायण चौधरी छन् ।

उनीहरूलाई काठमाडौंको



टौदह नजिकबाट पक्राउ गरिएको अपराध अनुसन्धान कार्यालयका एसएसपी सन्तोष खड्काले बताए । उनीहरूबाट २ वटा झोलामा ४० बण्डल नक्कली पैसा (कागजको बिटो) पछाडिको नम्बर प्लेट निकालेको र अगाडीको भागमा शैक्षिक भ्रमणको ब्यानर राखेर नम्बर प्लेट छोपेको ईभी गाडी (मिनी हाइस), ना ४७ प ५४११ नम्बरको पल्सर मोटरसाइकल बरामद भएको छ ।

### कसरी हुन्थ्यो ठगी ?

यो समूहले सक्कली नोट दिए त्यसको बदलामा दोब्बर नक्कली नोट दिने बताउँथे । त्यसका लागि भेटेरै वा ह्वाट्स एपमार्फत् कुराकानी गर्ने गरेको प्रहरीले बताएको छ । सक्कली नोटसँग नक्कली नोट साट्न कोही तयार हुने कुरै भएन । त्यसपछि उनीहरूले भन्ने गरेका थिए, 'नक्कली भने पनि यो सक्कली नै हो भन्दा पनि हुन्छ । केही फरक छैन । कसैले थाहा पाउन पनि सक्दैन । कारोबार गर्न कुनै समस्या हुँदैन ।' त्यतिले पनि नपत्याएपछि उनीहरूले नक्कली भनिएको हजारको नोट आफ्ना ग्राहकलाई देखाउँथे । ती नोट पुरै सक्कली हुन्छन् । आफूसँग भएको हजारको नोट र नक्कली नोटमा भएको नम्बर बाहेक केही फरक हुँदैन । अब एक हजारको सक्कली नोट दिए दुई हजार नक्कली नोट दिने हाल पक्राउ परेका आरोपितले बताउँथे । नोट हेरिसकेपछि ग्राहकलाई लाग्छ- यो त सक्कली नै हो । एक हजारको नोट दिँदा दुई हजार सक्कली आउँछ भने किन नदिने भनेर उनीहरूले सुरुमा एक हजारको नोट साट्छन् ।

ठगी गर्ने गिरोहले पनि आफूले थाहा नपाए जसरी आफूसँग भएको सक्कली नोट नक्कली भएको जस्तो बहाना पारेको हुन्छ । तर, त्यो नोट सक्कली हो भन्ने उनीहरूलाई थाहा हुन्छ । अनि घाटा खाएरै एक हजारको सक्कली नोट लिएर नक्कली भन्दै दुई हजार सक्कली नोट ठगी गर्ने गिरोहले आफ्ना ग्राहकलाई दिन्छन् ।

उक्त नोट सक्कली भएकाले ग्राहकले पनि कारोबार गर्छन् कुनै समस्या हुँदैन । एक हजारले केही नगरी दुई हजार कमाएपछि ग्राहक पनि मख्ख परेको हुन्छ । उनीहरू विश्वासमा पर्छन् । त्यसपछि ५ हजार सक्कली नोटसँग १० हजार नक्कली नोट साटिन्छ । नक्कली भनिएको उक्त नोट पहिलाको जस्तै सक्कली नै हुन्छ ।

यति बेलासम्म ठगी गर्ने गिरोहले ११ हजार घाटा ब्यहोरेको हुन्छ । आफ्ना ग्राहकलाई विश्वासमा पार्न सुरुमा घाटा खाएर सक्कली नोट ठगी गर्ने गिरोहले दिइरहेको हुन्छ । अनि ठूलो रकम साट्नेबारे डिल हुन्छ । अनलाइनमा कुराकानी हुन्छ । विश्वासमा पार्न हजार बण्डलका पैसाको बिटोसमेत भिडियोमा देखाइएको हुन्छ ।

तर बाहिर पट्टी सक्कली नोट राखेर भित्र भने कागजको बिटो हुन्छ । अनि सुरुवाती क्रममा विश्वास जितेर कारोबार गरिएका मान्छे मोटो रकम लिएर त्यसको दोब्बर रकम लिन आएको बेला भने त्यही काजगको बण्डलको बिटो दिएर ठगी गर्ने प्रवृत्ति देखिएको अपराध अनुसन्धान कार्यालयका एसएसपी खड्का बताउँछन् । 'सुरुमा विश्वासमा पार्न थाहा नपाएजसो गरेर नक्कली भन्दै दोब्बर सक्कली नोट दिने ।

विश्वास जित्ने अनि ग्राहकले एकै पटक ठूलो रकम साट्न आएको बेला कागजको बिटो थमाएर ठगी गर्ने प्रवृत्ति देखिन्छ,' एसएसपी खड्काले भने । यसअघि भने सस्तो दरमा डलर साट्ने भन्दै कागजको बिटो दिएर ठगी गर्ने गरेको पाइए पनि यो ट्रेण्ड भने नयाँ देखिएको प्रहरीले बताएको छ । सक्कली नोटसँग नक्कली नोट साट्ने भनेरै कारोबार गरेकाले कतिपय पीडितहरू प्रहरीमा समेत आउन नसकेको प्रहरीले बताएको छ ।. अहिले यही शैलीमा ठगिएका दुई पीडित भने अपराध अनुसन्धान कार्यालयको सम्पर्कमा आएका छन ।

## बेहोस बनाएर लुटपाट गर्ने प्रकाउ



सन्देश संवाददाता

धनगढी/भारतबाट घर फर्किरहेका नेपाली सीमावर्ती क्षेत्रमा लुटिएका छन् । बरेलीबाट फर्कि–रहेका दैलेखको भैरवी गाउँपालिका-२ का ३१ वर्षीय रामसिंह थापा र उनकी श्रीमती रेश्मा विष्टसँग रहेको ४० हजार रुपैयाँ भारु लुटपाट भएको प्रहरीले जनाएको छ ।

उनीहरूलाई सँगै फर्किरहेका तीनजना नेपालीले चिसो पेय पदार्थमा बेहोस हुने पदार्थ खुवाएर लुटपाट गरेको प्रहरीले जनाएको छ । रामसिंह र रेश्माको साथमा ६ वर्षीया छोरा प्रवेश पनि सँगै रहेको इलाका प्रहरी कार्यालय टीकापुरका इन्चार्ज प्रहरी नायब उपरीक्षक (डीएसपी) प्रकाश डाँगीले बताए ।

डाँगीका अनुसार बरेलीबाट टीकापुर भएर घर फर्किरहेका उनीहरू सँगै आएका तीन जनाले तिकुनीया पुगेपछि जंगलको छहारीमा बसेर एकै साथ चिसो पेय पदार्थ खाएका थिए । तर थापाको परिवारलाई दिएको पेय पदार्थमा बेहोस् हुने पदार्थ मिसाएर लुटपाट भएको उनले बताए ।

भारतीय जंगल क्षेत्रमा नेपाली नागरिक बेहोस रहेको सूचना पाएपछि भारतीय प्रहरीसँगको समन्वयमा उनीहरूको उद्दार गरेर टीकापुर ल्याइएको छ । अहिले तीनै जनाको टीकापुरमा उपचार भइरहेको छ । उनीहरूको स्वास्थ्य अवस्था भने समान्य रहेको डीएसपी डाँगीले बताए ।

लुटपाटमा संलग्नहरूको भने पहिचान हुन सकेको छैन । उनीहरू लुटपाट गरेर भारततर्फै भागेको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

## हर्मुज खोलेर युद्ध अन्त्य गर्ने इरानको प्रस्ताव !



काठमाण्डौ/लामो सययदेखि जारी अमेरिका-ईराना युद्धमा नया मोड आएको छ । अहिलेलाई हर्मुज खोलेर युद्ध अन्त्य गर्ने र आणविक हतियारसम्बन्धि वार्तापछि गर्न इरानले प्रस्ताव गरेको भनेर एक अमेरिकी अधिकारी र अरू दुई स्रोतहरूको हवाला दिँदै अमेरिकी अनलाइन एक्सियसले लेखेको छ ।

अहिले आणविक विषयमा कस्तो सम्झौता गर्ने भन्नेबारे इरानी नेतृत्व विभाजित भएकाले वार्ता अघि बढ्न सकेको छैन । त्यसैले सो मुद्दालाई पछिका लागि थाति राख्न इरानले प्रस्ताव गरेको देखिन्छ ।

तर अहिले नै हर्मुज खोले आणविक हतियारसम्बन्धि वार्तामा इरानमाथि दबाब हाल्न नसकिने भनेर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सो प्रस्ताव नमान्ने भएको एक अधिकारीले जानकारी दिए ।

इरानले युद्धको सुरूदेखि नै आफ्नो नजिकै रहेको साँघुरो समुद्री मार्ग 'स्ट्रेट अफ हर्मुज' बन्द गरेको छ । यो जलमार्ग प्रयोग गरेर विश्वको करिब २५ प्रतिशत कच्चा तेल र करिब २० प्रतिशत ग्यास पैठारी हुदै आएको छ ।

त्यो बन्द हुँदा तेल आपूर्ति कम भएर अन्तर्राष्ट्रिय बजारमा तेलको भाउ बढेको छ । फलस्वरूप विश्व अर्थतन्त्रमा नै नराम्रो प्रभाव परेको छ ।

सुरूमा इरानले मात्रै हर्मुज बन्द गरेको थियो । अरूका पानी जहाज रोके पनि इरानी तेल बोकेका जहाजहरू चलिरहेका थिए । अरू देशका केही जहाजलाई पनि महंगो शुल्क लिएर इरानले छोडिरहेको थियो । यस कारण इरानले युद्ध सुरू भएको बेलाभन्दा धेरै आम्दानी गरिरहेको थियो । त्यसैले पछिल्लो समयमा अमेरिकाले पनि हर्मुजमा इरानमाथि कडारुपमा नाकाबन्दी लगाउदै आएको छ । त्यसपछि इरानको आम्दानीको स्रोत सुकेको छ । त्यति मात्रै नभएर तेल बेच्न नपाएकाले इरानको तेल भण्डार भरिन लागेको छ ।

# तरकारीमा विषादी प्रयोगबारे सचेत बन्दै किसान



सन्देश संवाददाता

राँझा/बाँकेमा व्यावसायिक रूपमा तरकारी उत्पादन गर्दै आएका किसान विषादी प्रयोगबारे सचेत बन्दै गएका छन् । नेपालगन्जस्थित रानी तलाउ तरकारी बजारमा बिक्रीका लागि किसानले ल्याएको हरियो तरकारीमा विगतमा विषादी अवशेष भेटिने गरेकामा यो वर्ष हालसम्म फेला परेको छैन ।

कृषि उपज बजार सञ्चालक समितिका अध्यक्ष मोतिसरा थापा क्षेत्रीका अनुसार नमूना परीक्षणका क्रममा विषादीको मात्रा देखिएका किसानको तरकारी जफत गरी सचेत गराउने गरेकाले अहिले किसान आफैं विषादी प्रयोगमा सचेत हुँदै गएका छन् । भारतबाट आउने तरकारीलाई भन्सारमा खाद्य प्रविधि गुण नियन्त्रण विभागले परीक्षण गर्ने र रानी तलाउ तरकारी बजारमा पुन: नमूना परीक्षण गर्ने गरिएको छ । रानी तलाउ तरकारी बजारमा सार्वजनिक बिदाको दिनबाहेक प्राय: दैनिकरूपमा परीक्षण हुने गरेको अध्यक्ष थापा क्षेत्रीले बताए ।

बेमौसमी तरकारी उत्पादन गर्न किसानले विषादीको मात्रा धेरै प्रयोग गर्ने गरेका छन् । पुस-माघको मौसमी सागमा विषादीको मात्रा नदेखिए पनि अहिले कीराबाट बचाउन किसानले विषादी प्रयोग गरेको हुनसक्ने आशंकामा बेमौसमी तरकारीमा विषादीको अवशेष नमूना जाँ'चमा चासो दिने गरेको अध्यक्ष थापा क्षेत्रीले बताए । रानी तलाउ तरकारी बजारमा अहिले जिल्लाकै किसानले उत्पादन गरेको तरकारी बिक्रीवितरण भइरहेको छ । भारतबाट आउने तरकारी भन्सार गरेर ल्याउँदा महंगो पर्ने भएकाले नेपालकै तरकारीले बजार पाएको उनले बताए ।

विषादी प्रयोग गरेको तरकारी तुरुन्तै टिपेर बजारमा ल्याउँदा विषादीको मात्रा धेरै देखिने केन्द्रीय कृषि प्रयोगशालाका नेपालगन्जस्थित प्रतिनिधि नायब प्राविधिक सहायक गौरव चौधरीले बताउछन् । उनका अनुसार तरकारी तथा फलफूलजन्य वस्तुको नमूना परीक्षणमा ३५ प्रतिशतभन्दा कम निषेध प्रतिशत भएमा त्यसलाई 'ग्रीन लेबल' (उपभोग गर्न मिल्ने), ३५ देखि ४५ प्रतिशत निषेध प्रतिशत पाइएमा त्यसलाई 'एल्लो लेबल' (चार-पाँच दिनसम्म क्वारेन्टिनमा राखेर पुन: परीक्षण गर्दा ३५ प्रतिशतभन्दा कम निषेध प्रतिशत देखिएमा उपभोग गर्न मिल्ने) र ४५ प्रतिशतभन्दा माथि निषेध प्रतिशत देखिएमा त्यसलाई 'रेड लेबल' (उपभोग गर्न नमिल्ने) भनेर कैफियत लेखिन्छ ।

विगतमा बाँकेको हिरमिनियाँ र बाबुगाउँ तथा भारतबाट आयात भएका तरकारीमा बढी मात्रामा विषादी अवशेष भेटिने गरे पनि अहिले सुधार आएको प्रयोगशालाको तथ्यांकले देखाएको छ । तरकारी तथा फलफूलजन्य वस्तुमा 'अर्गानोफस्फेट' र 'कार्बामेट' गरी दुईवटा विषादी समूहको परीक्षण हुने गर्दछ । नेपालगन्जबाट २०७९ मङ्सिरदेखि तरकारी तथा फलफूलजन्य वस्तुको विषादी नमूना परीक्षण शुरु गरिएको हो ।

# लगानी बोर्डद्वारा एकल बिन्दु सेवा केन्द्र सुरु



सन्देश संवाददाता

काठमाडौं/लगानी बोर्ड नेपालले एकल विन्दु सेवा केन्द्र सञ्चालनमा ल्याएको छ । लगानीकर्तालाई थप सहज वाताव-रण प्रदान गर्ने उद्देश्यले बोर्डले एकल विन्दु सेवा केन्द्र सुरु गरेको हो ।

एकल विन्दु सेवा केन्द्रका लागि बोर्डले ossc.ibn.gov.np पोर्टल सञ्चालनमा ल्याएको छ । यस पोर्टलमा लगइन गरेपछि लगानीकर्ताले लगानीसम्बन्धी प्रस्तावहरु पेश गर्न सक्नेछन् । त्यसैगरी ibn.gov.np को एकल विन्दु सेवा केन्द्रबाट पनि लगानीक-र्ताहरुले लगइन गर्न सक्ने छन् ।

आइटी प्रणालीको तयारीपछि एकल बिन्दु सेवा केन्द्रसँग समन्वय गरी कार्य अघि बढाउन १४ वटा सरकारी निकाय यस प्रणालीमा आवद्ध हुने छन् । कम्पनी रजिष्टारको कार्यालय,राजस्व विभाग, भन्सार विभाग, अध्यागमन विभाग डिजिटल सिस्टम इन्टिग्रेटको क्रममा छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अन्य सम्बन्धित मन्त्रालय र निकायहरुलाई उक्त प्रणालीमा आवद्धताका लागि पत्राचार गरिसकेको छ ।

लगानी बोर्डका अनुसार १४ वटा सरकारी निकायले एकल बिन्दु सेवा केन्द्रका लागि अख्तयारीसहित फोकल पर्सन तोकेका छन् ।

ती निकायमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, नेपाल राष्ट्र बैंक, अध्यागमन विभाग,आन्तरिक राजस्व विभाग रहेका छन् ।

त्यसैगरी उद्योग विभाग, खानी तथा भूगर्भ विभाग, भन्सार विभाग, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, विद्युत विकास विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल दूरसञ्चार प्राधिक-रण छन् । यसैगरी अन्य क्षेत्रहरुको आवश्यकताअनुसार बोर्डले तोकेका अन्य निकायहरु पनि समावेश हुन सक्नेछन् ।

डिजिटल प्रणाली विकशित भइनसकेका सम्बन्धित मन्त्रालय, विभाग एवम् निकायहरुले लगानी बोर्डअन्तर्गत स्थापति हुने एकल विन्दु सेवा केन्द्रमा अख्तियारीसहित कर्मचारीहरु पठाउनु पर्ने कानुनी व्यवस्था छ ।

बोर्डले नेटवर्क बढाउँदै लैजाने तथा यस प्रणालीमा आवद्ध हुन बाँकी रहेका मन्त्रालय तथा निकायहरुमा रहेका फोकल पर्सनहरुसँग समन्वय गरी कार्य अघि बढाउने छ । लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले एकल विन्दु सेवा केन्द्रको कार्यान्वयनले लगानीकर्ता सँग सम्बन्धित कार्यहरु गर्न सहज हुने बताए ।

छिटो र सहज सेवा प्रवाहका लागि सूचना प्रविधि महत्वपूर्ण हुने भएकाले हामीले एकल विन्दु सेवा सुरु गरेको बताउँदै उनले अरु निकायहरुले पनि यस्तै तयारी गरिरहेको र क्रमश: एकल विन्दु सेवा केन्द्रमा डिजिटल प्रणालीमार्फत् आवद्ध हुने जानकारी गराए । डिजिटल प्रकृया सुरु भएपछि भौतिक रुपमा गरिने कार्यलाई हटाउँदै लगिने उनले बताएका थिए ।

एकल विन्दु सेवा केन्द्र पूर्ण रुपमा सञ्चालनमा आएपछि लगानीको लागि प्राप्त प्रस्तावको मूल्याङ्कन गरी स्वीकृतिको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने, कम्पनी दर्ता, कर दर्ता, उद्योग दर्ता, विदेशी विनिमयको अनुमति लगायतका अन्य दर्ता, अनुमति तथा स्वीकृति उपलब्ध गराउने, श्रम स्वीकृति, भिसा, परमिट उपलब्ध गराउनका लागि आवश्यक समन्वय र सहजीकरणको कार्य उक्त केन्द्रबाटै गर्न सकिने छ ।

त्यसैगरी उक्त केन्द्रमार्फत परियोजनाको लागि आवश्यक निजी जग्गा प्राप्तिमा सहजीकरण गर्ने, परियोजनालाई आवश्यक पर्ने सरकारी जग्गा वा वन क्षेत्रको जग्गा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी लिजमा उपलब्ध गराउने, वातावरणीय अध्ययनको स्वीकृति उपलब्ध गराउने व्यवस्था मिलाउने लगायतका कार्यहरु गर्न सकिने छ ।

लगानी बोर्डले एकल विन्दु सेवा केन्द्रबारे सम्बन्धित मन्त्रालय र निकायका फोकल पर्सनहरुसँग आज छलफल गरेको छ । सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५ बमोजिम कार्यान्वयन गरिने परियोजनाको लागि परियोजना सर्वेक्षण अनुमति, समझदारी पत्र, लगानी अनुमति वा सम्झौता लगायतका कार्य गर्ने तथा परियोजनालाई सहयोग एवं सहजीकरणका लागि कार्यालयमा एकल विन्डु सेवा केन्द्रको स्थापना गर्न सक्ने व्यवस्था छ ।

वर्तमान सरकारले गत चैत्र १४ गते सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी एक सय कार्य सूचीहरुमा स्वदेशी तथा वैदेशिक लगानीकर्तालाई एकीकृतरुपमा सहजताका साथ निर्धारित समया-वधिभित्र तोकिए बमोजिमका सेवा उपलब्ध गराउनका निम्ति लगानी बोर्ड नेपालअन्तर्गत एकद्वार स्वीकृति प्रणाली स्थापना गरी सञ्चालनमा ल्याउने उल्लेख गरिएको थियो ।

## उद्योगी शेखर गोल्छालाई थप तीन दिन हिरासतमा राख्न म्याद थप



सन्देश संवाददाता

काठमाडौं/उद्योगी शेखर गोल्छालाई काठमाडौं जिल्ला अदालतले थप तीन दिन हिरासतमा राख्न अनुमति दिएको छ । गत बिहीबार काठमाडौंको नक्सालबाट पक्राउ परेका उनलाई यसअघि शुक्रबार चार दिन हिरासतमा राख्न अनुमति दिएको थियो ।

धितोपत्रसम्बन्धि ऐनविप-रीतको कसुरमा पक्राउ परेका गोल्छा नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष हुन् । यसअघि उनलाई अदालतले सोमबारसम्म हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको थियो ।

धितोपत्र बोर्डको प्रारम्भिक जाँचबुझ प्रतिवेदनका आधारमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को टोलीलाई गोल्छालाई पक्राउ गरेको थियो ।

उनीमाथि धितोपत्रसम्बन्धी ऐन २०६३ को दफा ९४, ९५, ९६ र ९८ बमोजिम सेयर बजारमा मिलेमतो गरी भित्री कारोबार र बजार प्रभावित पारेको आरोप छ ।

# पूर्वभीआईपीहरूले पाउने उपचार सुविधासम्बन्धि व्यवस्था सर्वोच्चद्वारा खारेज

सन्देश संवाददाता

काठमाडौं/सर्वोच्च अदालतले राज्यका पूर्व विशिष्ट व्यक्ति (भीआईपी)हरूले विदेशमा उपचार गराउँदा राज्यकोषबाट रकम भराउन पाउने कानूनी व्यवस्था खारेज गरेको छ ।

सोमबार बसेको संवैधानिक इजलासले संविधान र ऐनसँग बाझिएको कार्यविधिमा भएको व्यवस्था खारेज हुने निर्णय गरेको सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाले जानकारी दिए । सर्वोच्च अदालतले आदेशको संक्षिप्त विव-रण सार्वजनिक गरेको छैन ।

राज्यका पूर्व पदाधिकारीहरूले स्वदेशमा उपचार गर्न मिल्ने अवस्था हुदाहुदै पनि विदेशमा गएर उपचार गर्ने र मन्त्रिपरिषद्को निर्णयबाट उनीहरूको उपचारखर्च व्यहोर्ने अभ्यास हुँदै आएको थियो । २०७५ सालमा जनस्वास्थ्य ऐन जारी गरेर त्यस्तो क्रियाकलापमा रोक लगाइएको भएता पनि अर्को कार्यविधिमा भएको व्यवस्थाअनुसार विशिष्ट पदाधिकारीहरूले विदेशमा उपचार गराउँदै आएका थिए ।

सर्वोच्च अदालतले कार्यविधि नै खारेज गरेपछि विदेशमा गरिएको उपचारखर्च राज्यकोषबाट व्यहोर्नु अब गैरकानूनी हुनेछ ।

सर्वोच्च अदालतले नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७३ को दफा १२(१) खारेज गरेको हो । उक्त दफामा पूर्व विशिष्ट व्यक्तिहरूले विदेशमा गराएको उपचारको खर्च सरकारले व्यहोर्ने व्यवस्था थियो ।

ती पूर्व विशिष्ट व्यक्तिको परिभाषामा पूर्वराष्ट्रपति, पूर्वउप-राष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वसभामुख, पूर्वप्रधानन्यायाधीश, पूर्वउपसभामुख, पूर्वउपप्रधानमन्त्री, पूर्वमन्त्री, पूर्वराज्यमन्त्री, पूर्वसहायक मन्त्री, पूर्व सांसद र पूर्व संवैधानिक पदाधिकारीसमेत पर्थे ।

अधिवक्ता रादीका चम्लागाई लगायतले संविधान र केही कानूनी व्यवस्थासँग बाझिएको भन्दै एउटा कानून र अर्को कार्यविधि खारेजीको माग गरेकी थिइन् ।

उनले 'राष्ट्रपति र उप-राष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धि ऐन, २०७४ को दफा ९ खारेज हुनुपर्ने माग गरेकी थिइन् । उक्त दफामा 'राष्ट्रपति वा उप-राष्ट्रपति स्वदेशमा अस्पतालमा भर्ना भई उपचार गराउँदा वा नेपालमा उपचार हुन नसक्ने भई मेडिकल बोर्डको सिफारिसमा विदेशमा गई उपचार गराउँदा लागेको खर्च नेपाल सरकारले व्यहोर्नेछ' भन्ने व्यवस्था गरिएको थियो ।

सर्वोच्च अदालतले त्यो व्यवस्था यथावत राखेर कार्यविधिमा भएको व्यवस्था मात्रै खारेज गरेको हो । त्यसैले कामू प्रधानन्यायाधीश सपना प्रधान मल्ल, अनि न्यायाधीशहरू कुमार रेग्मी, डा. मनोजकुमार शर्मा, सारंगा सुवेदी र अब्दुल अजीज मुसलमानको इजलासले आंशिक रिट जारी हुने आदेश गरेको, सर्वोच्च अदालतका प्रवक्ता कोइरालाले जानकारी दिए ।

***माग के थियो ?***

अधिवक्ता रादीका चम्लागाई लगायतले पेश गरेको रिट निवेदनमा संविधानका दुईवटा धारा र एउटा ऐनको व्यवस्थासँग अर्को ऐन बाझिएको भन्दै विशिष्ट व्यक्तिहरूले विदेशमा उपचार गराउन पाउने कार्यविधि खारेजीको माग राखेका थिए । उण्नीहरूका अनुसार, नेपालको संविधानको धारा १८(१)मा सबै नागरिक कानूनको दृष्टिले समान हुनेछन् भन्ने व्यवस्था छ ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

**हेटौंडाको पुरानो लोकप्रिय ब्लु हेवन टेलर्स सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको शाक्य प्लाजा मा सरेको जानकारी गराउंदछौं ।**
सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं ।




**चालु फेन्सी पसल बिक्रीमा**

**हेटौंडा-४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले ईच्छुक खरिदकर्ताले सिधैं सम्पर्क राख्नुहोला ।**
**सम्पर्क :**
**९८४५०३१७८६, ९८२११४००२२**

**आकर्षक घडेरी बिक्रीमा**

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ । ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।
**सम्पर्क नम्बर : ९८४५१२३३६६**

**आकर्षक जग्गा बिक्रीमा**

**हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ । ईच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क गर्नु होला ।**
सम्पर्क : **९८४५९७८३५८, ९८४५०३१२१७**

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने